# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव विकासको इतिहास निकै लामो छ । प्रारम्भमा मानव समुदाय असामायिक थियो । आदिम शिकारी तथा कन्दमुल बटुल्ने मानव समाज नितान्त घुमन्ते प्रकृतिमा थियो । जुन प्राकृतिक उत्पादनमा नै आश्रित हुने गर्दथ्यो । आफ्नो सामाजिक आवश्यकता पुरा गर्न विभिन्न सामाजिक संस्थाको जन्म भयो । समाजलाई अव्यवस्थिती र अनियन्त्रित यौन सम्बन्धलाई व्यवस्थित पार्न विवाह नामक संस्थाको विकास भयो ।

विवाह के हो भन्ने सम्बन्धमा एउटै र सर्वमान्य परिभाषा पाउन सकिदैन । विभिन्न सामाजिक र साँस्कृतिक परिवेशमा अवस्थित समाजमा विभिन्न प्रकारका लैङ्गिक सम्बन्ध हुने गर्दछन् । यिनै आधारमा विवाहको अर्थ, परिभाषा तथा यिनका कार्यहरू सम्बन्धित हुन्छन् । अर्कोतिर समाजको परिवर्तनसँगै विवाह प्रतिको बुझाइएको विश्लेषणमा पनि परिवर्तन आउने गर्दछ । तर पनि सबै समाजमा विवाह प्रतिको बुझाइएको विश्लेषणमा पनि परिवर्तन आउने गर्दछ । तर पनि सबै समाजमा विवादलाई एउटा आधारभूत सामाजिक संस्थाका रूपमा लिङ्गहरूको सामाजिक स्वीकृत सम्बन्ध हो भने अर्को यसै सम्बन्धका आधारमा वैधानिक रूपमा तिनीहरू यौन सम्बन्ध राख्न र बालबच्चा जन्माउन सक्ने सामाजिक स्वीकृति हो ।

अंग्रेजीको (Sex) र (Gender) दुवै शब्दलाई चलनचल्तीको नेपाली भाषामा 'लिङ्ग' शब्दद्वारा अभिव्यक्त गरिन्छ । सेक्स शब्दले भाले वा पोथी वा के भनेर जैविक वर्गीकरण गरिन्छ । यही जैविक विभाजनको आधारमा जुन 'भालेपन' वा 'पोथीपन' को मूल्य र मान्यता समाजमा विकास भएको हुन्छ, त्यो सामाजिक लिङ्ग अर्थात हो । यस अर्थमा समाजिक लिङ्ग (जेण्डर) सामाजिक अवधारणा हो । जसरी सेक्स भनेर भाले, पोथी र नपुंसक वर्गमा प्राणीहरूलाई बाँडिन्छ, त्यसैगरी जेण्डर पनि पुरुष, महिला र नपुंसक तीनै प्रकारका ठहरिन्छन् । जेण्डर सामाजिक लिङ्गको रूपमा असीको दशकमा विकसित भएको नविन अवधारणा हो (जुडिस, १९९०) ।

यो मुलतः सन् १९६० र १९७० को दशकमा विश्व महिला आन्दोलनले ल्याएको उपलब्धि हो । दोस्रो विश्वयुद्धपछि महिलका अवस्था झन्झन् नाजुक बन्दै गएपछि संसार भरिका महिलाले विश्व समुदायलाई महिलाको अवस्था उकास्नको लागि दबाव दिए पश्चात प्राप्त भएको सफलता हो । महिला आन्दोलनले अब उप्रान्त विकासका हरेक कार्यक्रममा महिलालाई पनि सहभागी गराउनै पर्ने विश्व समुदायलाई दबाव दियो । फलस्वरूप सत्तरीको दशकमा विकासमा महिला (विड) तथा विकास र महिला (वेड) जस्ता अवधारणाहरू प्रयोगमा ल्याइए पनि यी अवधारणाहरूले महिलाका अवस्थामा आशा गरिए अनुसारको उपलब्धी ल्याउन सकेन । यसपछि असीको दशकमा जेण्डरको अवधारणा ल्याइएको हो (Giddens, 2001)।

भारतीय महिला आन्दोलनकी हस्ती तथा नारीवादी लेखक कमला भासिन भन्छिन् 'नेपालमा जेण्डरलाई लिङ्गको अर्थमा प्रयोग गर्ने गरिन्छ, त्यो सहि शब्द होइन । जेण्डरलाई लिङ्ग भन्ने हो भने तपाईले जेण्डरको बहस नै अन्त्य गरिदिनु भयो । किनभने नेपालीमा लिङ्गको अर्थ हुन्छ -पेनिस (पुरुषको योनाङ्ग) र सेक्स अर्थात भाले, पोथी तर जेण्डर भनेको यी दुवै भन्दा निकै भिन्न हो । जेण्डर भनेको सामाजिक लिङ्ग हो ।

तेस्रोलिङ्ग भन्नाले महिला र पुरुष भन्दा पृथक स्वभाव, प्रकृति, अपेक्षा अनुरूपको लैङ्गिक अवस्था हो । तेस्रोलिङ्ग त्यस्तो लैङ्गिक व्यवहार र सम्बन्ध हो जहाँ महिला र महिला बीच र पुरुष र पुरुष बीच यौन सम्बन्ध हुन्छ । सामान्य बुझाईमा महिला र पुरुष बीच यौन सम्बन्ध, विवाहवारी र सामाजिक साँस्कृतिक लेनदेन हुन्छ भने तेस्रो लिङ्गीय मानिसहरूमा यो अवस्था रहदैन ।

फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरणको कारणले यस समुदायका व्यक्तिहरू विभेदमा परिरहेका छन् । जैविक लिङ्गको आधारमा समाजले तोकिदिएको सामाजिक भूमिका भन्दा फरक भूमिकामा प्रस्तुत हुने व्यक्तिहरू तेस्रोलिङ्गी हुन् । तेस्रोलिङ्गी भन्ने शब्दले यी समुदायभित्रको विविधता समेट्न नसकेको हुँदा अहिले यस प्रकारको लैङ्गिकताको अवस्थालाई मान्यता दिँदै यौनिक तथा लैङ्गिक अल्पसंख्यक भनेर सम्बोधन गर्ने गरिएको छ (Robert, 1989) ।

को हुन् यौनिक तथा लैङ्गिक अल्पसंख्यक ?

लैङ्गिक तथा यौनिक अल्पसंख्यक (एलजिबिटिआई) भन्नाले महिला र पुरुषभन्दा पृथक पहिचान भउका व्यक्तिलाई बुझाउँछ । शारीरिक रूपमा उनीहरू महिला/पुरुष भन्दा फरक हुन्छन् ।

**लेस्बियन (समलिङ्गि महिला)** : समलिङ्गी महिला भन्नाले ती महिला हुन्, जो जन्म बालिकाको रूपमा जन्म लिन्छन् र शारीरिक वृद्धि विकाससँगै मानसिक, शारीरिक तथा भावनात्मक रूपमा महिलाप्रति नै आकर्षित हुन्छन् ।

**गे (समलिङ्गी पुरुष)**: यदि कुनै पुरुष आफु जस्तै पुरुषप्रति आकर्षित हुन्छ भने ऊ समलिङ्गि पुरुष हो । ऊ जन्मदा बालक भएर जन्मछ र बढ्दै जाँदा शारीरिक तथा मानसिक रूपमा आफु जस्तै पुरुषमा उसको आकर्षण बढ्छ ।

**बाइसेक्सुअल (उभयलिङ्गी)** : यदि कोही महिला/पुरुष दुवै लिङ्ग प्रति आकर्षित हुन्छ भने उ यस अन्तर्गत पर्दछ । कुनै व्यक्ति पुरुष भएको खण्डमा उसलाई पुरुष र महिला दुवै मन पर्छ । त्यस्तै महिला छ भने पनि उसमा यो नियम लागु हुन्छ । उनीहरू महिला र पुरुष दुवैसँग शारीरिक, यौनिक र भावनात्मक आकर्षण हुन्छ ।

**ट्रान्सजेण्डर (तेस्रो लिङ्गी)** : जन्मदा शारीरिक रूपमा छोरा वा छोरी भए तापनि उसको इच्छा, चाहना, भावना, सोचाई, मानसिकता त्यस विपरित छ भने उसलाई तेस्रो लिङ्गी भनिन्छ । यदि कोही जन्मजात शारीरिक रूपमा पुरुष छ भने उसको सम्पूर्ण चाहना, व्यवहार महिलाको जस्तो हुन्छ र उसलाई पुरुष नै मन पर्छ । त्यस्तै, जन्मजात महिलाछ भने पछि पुरुषको शारीरिक वृद्धि र विकाससँगै पुरुषको हाउभाउ ताथ बानी व्यवहार विकास हुँदै जान्छ र उसलाई महिला नै मन पर्छ ।

**इन्टरसेक्सुअल (अन्तरलिङ्गी)** : जन्मदा अस्पष्ट यौनाङ्ग लिएर आएको छ भने उसलाई अन्तरलिङ्गी भनिन्छ । किशोरावस्थामा पुगेपछि उनीहरूले परिवार र समाजको अपेक्षा भन्दा फरक खालको व्यवहार देखाउन थाल्छन् । यसलाई महिला र पुरुष दुवैको यौनाङ्ग भएका पनि भनिन्छ ।

नेपालमा यस समुदायको जनसंख्याको बारेमा आधिकारीक तथ्याङ्क पाइदैन । अहिले विश्वभर समग्र जनसंख्याको १० प्रतिशत यो समुदाय रहेको छ । विलियम भन्ने संस्थाले गरेको अध्ययन अनुसार नेपालमा मात्र करिब ९ लाखको हाराहारीमा यौनिक तथा लैङ्गिक

अल्पसंख्यक समुदायको संख्या रहेको भनिएको छ (यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मानव अधिकार अवस्था सम्बन्धी प्रतिवेदन, २०७७) ।

विवाह र यसको इतिहास मानव सभ्यता जत्तिकै पुरानो छ । विवाहको उत्पत्ति कहिले देखि भयो भनेर किटान गर्न नसकिए तपानि यसको उद्‌विकासको बारेमा समाजशास्त्री तथा मानवशास्त्रीहरूले आ-आफ्नो धारणा अगाडी सारेका छन् । जसमध्ये मानवशास्त्री लुइस हेनरी मोगनिको धारणालाई बढी आधिकारीक रूपमा लिने गरिन्छ । उनका अनुसार सुरुमा विवाहले कुनै स्थायित्व प्राप्त नगरेको र महिलासँग बिना रोकतोक यौन सम्बन्ध राख्नुका अतिरिक्त अनियन्त्रित यौन सम्बन्ध समेत हुने गर्दथ्यो । सुरुमा विवाहरूपी कुनै संस्था थिएन । कुनै पनि महिला वा पुरुषले कुनै महिला वा पुरुषसँग स्वतन्त्र रूपमा यौन सम्बन्ध राख्न सक्थे । समयको विकासक्रमसँगै सुरुमा मातृसत्तात्मक विवाह पद्धतीको ठाउँमा पितृसत्तात्मक विवाहले स्थान पायो । बढीजसो सन्तान वा वंश आमाबाट चिनिन्थे भन्दै मोगनिले आफ्नो कृति एन्सिट सोसाइटी (सन् १८७७) मा व्यक्त गरेका छन् । मोगनिका अनुसार विवाहको विकास (१) रक्त सम्बन्धमा आधारित विवाह (२) समूह विवाह (३) अस्थायी प्रकृतिको विवाह (४) पितृप्रधान विवाह र (५) एकलगामी विवाह गरी विकसित भएको पाइन्छ ।

यसरी विवाहको विकास हुँदै जाने क्रममा औद्योगिक क्रान्ति र त्यो सँगै विकास भएको पुँजीवादी व्यवस्थाका कारण युरोपमा प्रेम विवाहको चलनले तिव्रता पाएको देखिन्छ ।

समाजको सामाजिक तथा साँस्कृतिक परिवेश अनुरूप विवाहको मूल्य र मान्यतामा विविधता पाउन सकिन्छ । यिनै आधारमा विवाहको अर्थ, परिभाषा तथा कार्यहरू सम्बन्धित हुन्छन् । अर्कोतर्फ समाजको चेतनासँग पनि विवाह प्रतिको धारणामा परिवर्तन आउने गर्छ । समाजको परिवेश, अवस्थिति, चेतना, सामाजिक तथा साँस्कृतिक मूल्यमान्यता जे जस्तो भए पनि समाजशास्त्रीय भाषामा विवाह एक सामाजिक संस्था हो । प्रत्येक समय र समाजमा विवाहले मूलतः दुई वटा पक्षलाई अंगिकार गरेको हुन्छ । एउटा विपरित लिङ्गीहरूको समाजिक स्वीकृत सम्बन्ध हो भने अर्को त्यसै सम्बन्धको आडमा वैधानिक रूपमा यौन सम्बन्ध राख्न र सन्तान जन्माउन सक्ने सामाजिक स्वीकृती हो ।

विवाहको परिभाषालाई त्यसमा समाजले अवलम्बन गरेको धर्मले पनि निर्देशन गरेको हुन्छ । हिन्दू संस्कारबाट हेर्ने हो भने विवावह एक धार्मिक संस्कार (Sacrament) हो ।

जस अन्तर्गत आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ । यसरी गरिएका विवाहमा लोग्ने स्वास्नीको सम्बन्ध यस लोकदेखी परलोकसम्म अक्षुण रहन्छ । विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरूले विवाहका बारेमा विभिन्न धारणा राखेको पाइन्छ ।

हर्टन र हन्ट (Horton and Hunt) ले आफ्नो पुस्तक (Sociology) मा भनेका छन् : "Marriage is the approved social pattern by two or more person establish a family" (Horton and Hunt, 1968) यिनले विवाहलाई एउटा सामाजिक मान्यता प्राप्त संस्थाका रूपमा लिएका छन् । विवाहद्वारा नै परिवारको सिर्जना हुनेक कुरा उनी बताउँछन् । सम्पूर्ण मानव जातको केन्द्रिय आधार नै विवाह हो र विवाहबाट नै परिवार, परिवारबाट समुदाय हुँदै मानव जगतको निर्माण भएको हो । यसरी संसारका सबै समाजहरूमा विवाह संस्थागत रूपमा रहेता पनि यसको उपयोगीता काम, प्रकार र विशेषता भने समाज अनुसार फरक फरक रहेको पाइन्छ (Subedi, 1999) ।

दुई वा सो भन्दा बढी व्यक्तिले स्थापित गरेको एउटा परिवार जुन सामाजिक स्वीकृति युक्त छ भने त्यसलाई विवाह भनिन्छ । हाम्रो समाजमा एकलगामी तथा बहुगामी विवाहका प्रकारहरूको प्रचलनले पनि विवाहको परिभाषामा एकरूपता देखिदैन । वर्तमान समयमा पश्चिमी देशहरूमा विवावपूर्ण सँगै बस्ने, यौन सम्बन्ध राख्न समाजले स्वीकृति दिने जस्ता उदाहरणहरू प्रशस्त भेटिन्छन् । हाम्रै समाजमा लिभिङ्ग टुगेदरको नाममा यस्ता अभ्यासहरू हुन थालेका छन् । यसले गर्दा पनि विवाहको सर्वमान्य परिभाषामा पाउन सकिएको छैन ।

हाम्रो समाजले परिकल्पना गरेको भन्दा पृथक खालको तेस्रोलिङ्गी (Third Sex) वा समलिङ्गी (Homo Sex) विवाह समाजले परिभाषित गरेको विवाहको मान्यता अनुसार राख्न सकिदैन । तर युरोपका केही देशहरूमा यस्ता खालका विवाहले कानुनी मान्यता पाएका छन् । यो विवाह जैविकिय (Biologically) र सामाजिक (Social) रूपमा असाधारण प्रवृत्तीको मानिन्छ । यस प्रकारको विवाहमा न त सन्तान उत्पादनको सम्भावना रहन्छ न त यौन सन्तुष्टिको पूर्ण सम्भावना रहन्छ । तर पनि तेस्रोलिङ्गी समुदाय भित्र यस्ता विवाह हुने गर्छन् ।

यसर्थ महिला र पुरुष बाहेक समाजमा अर्को लिङ्ग भएका मानिसहरूको बीचमा पनि विवाह हुन्छन् भन्ने कुरा स्वीकार गर्न मुस्किल पर्छ । तर समाजमा यस्ता फरक खालका

विवाह पनि हुने गर्दछन् । जसलाई समलिङ्गी अथवा तेस्रोलिङ्गी विवाह भनिन्छ । तेस्रोलिङ्गी समुदाय भित्र यस्ता खालका विवाह प्रचलनमा रहेका छन् ।

विपरित लिङ्गी विवाहका अनेक प्रणालीहरू इतिहास देखि वर्तमानसम्म कायम छन् । यी सबै प्रणालीहरू परिवर्तनशील छन् । त्यसै गरेर तेस्रोलिङ्गी सम्बन्ध र विवाह विपरित लिङ्गी भन्दा धेरै कम रहेका छन् । तर यी सम्बन्धहरू परापूर्वकालदेखि नै सबै समाजहरूमा रहेको  पाइन्छ । अनुपातका हिसाबले कम हुनुबाट मात्र अप्राकृतिक र असामाजिक हुने होइन ।

हाम्रो जस्तो लोकतान्त्रिक र प्रजातान्त्रिक समाजको आधार सबै नागरिक समान हुन् भन्ने नै हो । यसर्थ पनि तेस्रोलिङ्गी नागरिक अन्य नागरिक भन्दा कम सम्मानका पात्र हुन सक्दैनन् । यही कारणले पनि विपरित लिङ्गीहरू बीचको विवाहलाई सरकार र कानुनले जुन रूपले लिन्छ, परिभाषित गर्छ तेस्रोलिङ्गीहरूको विवाहलाई पनि उही रूपले सम्मान गर्नु नै उचित हुने देखिन्छ । प्राकृतिक विविधता र परिवर्तनलाई हेर्दा समाज तथा वैवाहिक सम्बन्ध गतिशिल एवम् परिवर्तनशील हुन्छ ।

## १.२ समस्याको कथन

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले लिङ्गका आधारमा कुनै पनि व्यक्तिलाई भेदभाव नगरी हरेक व्यक्तिलाई घोषणापत्र उल्लेखित सबै अधिकार र स्वतन्त्रता प्राप्त हुनेछ भनी उल्लेख गरेको छ । मानव अधिकार सबै मानवका लागि समान र विभेदरहित ढंगले उपभोग गर्न पाउनुपर्दछ र अहरणीय अधिकार हो भन्ने सर्वमान्य सिद्धान्त पनि छ । देशमा करिब ९ लाख हाराहारीमा यो समुदायको जनसंख्या भएको विभिन्न अध्ययनले देखाए पनि राज्यले उनीहरूको हक तथा अधिकारमा अन्य लिङ्गको नागरिकहरू जस्तै फराकिलो छाती देखाउन सकेको देखिदैन ।

अहिले नेपाली समाजमा विवाहको लागि उमेरद्वार, योग्य केटाकेटीको माग हुने गरेको छ । जागरिद्वार केटाकेटी चाहिन्छ । हेर्दा राम्रो देखिने केटाकेटी पनि विवाहका शर्त हुने गरेका छन् । तर समलिङ्गी विवाहमा यस्ता खालका योग्यता र माग हुँदैन । उनीहरूमा मन मिलेपछि यी सबै योग्यता र माग गौण बनिदिन्छ । बदलिँदो समयसँगै सम्बन्धहरू पनि बदलिन थालेका छन् । पहिले पहिले एकपटक सम्बन्ध गाँसिएपछि टुटाउनु मर्नुसरह हुन्थ्यो,

हिजोआज कसको सम्बन्ध छिनभरमै के भइसक्छ, थाहै हुँदैन । मुख्य त तेस्रोलिङ्गी विवाहमा यस्ता खालका घटनाहरू भइरहन्छ ।

संविधानको मर्म तथा भावना तेस्रोलिङ्गी तथा समलिङ्गी समुदामैत्री हुँदाहुँदै पनि राज्यको कानुन समयानुकुल परिवर्तन नभईदिँदा तेस्रोलिङ्गी विवाहले मान्यता पाउन सकिरहेको छैन । विवाह दर्ता नहुँदा संविधान प्रदत्त विभिन्न मौलिक हक तथा अधिकारबाट अझैसम्म बञ्चित हुनुपरेको छ । जुन कुरामा राज्यको ध्यान गएको देखिदैन । “संविधान, सर्वेच्च अदालत, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको संरक्षण र संवर्द्धनमा सकारात्मक बनेपनि राज्य र यसका संयन्त्रको हामी माथि सोच्ने दायरा फराकिलो नबनाउनु पनि यसको कारण रहेको नौलो बिहानी पोखराकी संयोजक बिन्ध्या गौतम बताउँछिन् ।”

आफ्नै मुलुकका सन्दर्भमा कुरा गर्दा जसको समस्या हो उसैले मात्र उठाउनुपर्ने, जसको आवश्यकता हो उसको मात्र चासोको विषय बन्नुपर्ने हाम्रो सोचाई २१ औं शताब्दीको यो शिक्षित मानव सभ्यताको लागि लाजमर्दो विषय हो । महिला हिंसा, जातीय भेदभाव तथा छुवाछुत र यौनिक तथा लैङ्गिक अल्पसंख्यकका विषय जस्ता केही यस्ता विषय हुन्छन् जसले राष्ट्रलाई नै लल्जित तुल्याइरहेको हुन्छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकका मुद्दाहरू मन, बचन र कर्मले नै राष्ट्रिय मुद्दा बन्नुपर्ने विषय हो । एउटा समाजबाट बहिष्करण, बर्षैदेखि हेला, अपमान, दुर्व्यवहार, तिरस्कार तथा अपहेलनाको विषय जिउन बाध्य पारिएका तेस्रोलिङ्गी समुदायको आवाज उठाउन गरिएको यो प्रयास प्राणीहरूमा बसैभन्दा सर्वश्रेष्ठ घोषणा गरिएका मानव जातिले त्यही आफू जस्तै प्राणीलाई मानव नदेख्ने सोच, चिन्तन तथा चेतनामा परिवर्तन ल्याउन सानो भूमिका खेल्छ भन्ने अपेक्षा हो ।

हाम्रो सामाजिक परिवेश, चेतना, तेस्रोलिङ्गी समुदायलाई हेर्ने दृष्टिकोण लगायत यावत कारणले उनीहरू खुल्न चाहदैनन् । अर्कोतर्फ सीमित स्रोतसाधन र समयका कारण यस समुदायको बृहत अध्ययन सम्भव पनि नभएकोले छोटो समयको बाबजुत यसमा यो समुदायलाई समाजले कसरी हेरिरहेका छन् ? उनीहरूको आँखाबाट समाज कस्तो देखिन्छ ? विवाह र सन्तानप्रति उनीहरूको धारणा कस्तो छ ? उनीहरूको दाम्पत्य जीवन दिर्घकाल सम्म जान्छ की जादैन ? भन्ने समस्याहरूको जरोसम्म पुग्ने प्रयास गरिएको छ ।

यस शोधकार्यमा निम्न लिखित समस्याहरू प्रस्तुत गरिएको छ :

क) तेस्रोलिङ्गी व्यक्तिहरूको विवाहको मान्यतामा परिवर्तन ल्याउने पक्षहरू के के हुन् ?

ख) तेस्रोलिङ्गी व्यक्तिहरूको सन्तान सम्बन्धी धारणा कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको साधारण उद्देश्य र विशिष्ट उद्देश्यहरू निम्न रहेका छन् :

**क) साधारण उद्देश्य**

- तेस्रोलिङ्गी तथा समलिङ्गी विवाहको वैवाहिक सम्बन्धमा अध्ययन गर्नु ।

**ख) विशिष्ट उद्देश्य**

- तेस्रोलिङ्गी तथा समलिङ्गीको अवस्थाको बारेमा अध्ययन गर्नु ।
- तेस्रोलिङ्गी व्यक्तिहरूको समाजप्रतिको धारणा सम्बन्धी अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक तथा अधिकार, समानुपातिक, समावेशी प्रतिनिधित्व, मानव अधिकार बोल्न सक्ने, अस्तित्व देखाउन सक्ने र अगाडी पर्न सक्ने व्यक्तिलाई मात्र होइन, समस्त जनतालाई समान रूपमा प्रत्याभूत हुनैपर्ने विषय हो । हाम्रो संविधानमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका अधिकारका बारेमा भएका व्यवस्थहरू सकारात्मक छन् । तर व्यवहारमा यस समुदायका व्यक्तिहरू संविधान र कानुनमा व्यवस्था भएका अधिकार प्राप्त गर्नबाट बञ्चित छन् । उनीहरूलाई महिला र पुरुष सरह कानुनी मान्यता, नागरिकता प्राप्तीमा कठिनाई, सम्पत्तिको स्वामित्व सम्बन्धी कानुनी अड्चन, बच्चा ग्रहण गर्ने तथा प्रविधिको प्रयोग गरी जन्माउने (Test Tube Baby) साथै कोख भाडामा लिने (Surrogacy) अधिकार कानुनी रूपमा दिएको पाइदैन । उनीहरूको समस्यालाई यथेष्ट रूपमा राज्यले सम्बोधन गर्न सकिरहेको छैन ।

तेस्रोलिङ्गी समुदायका मूल समस्यामा संकीर्ण सामाजिक दृष्टिकोण, विभेदकारी कानून र विद्यमान कानुनको पनि कार्यान्वयनमा उदासीनता नै हो । साथै घर परिवार र सामाजिक रूपमा यी समुदायका व्यक्तिहरूलाई गरिने अपमानजनक व्यवहारले गर्दा बहिष्करणमा पर्ने गरेका छन् । यस समुदायका व्यक्तिहरू अन्य नागरिक सरह समाजमा

सम्मानित भएर आफ्ना हक अधिकार उपभोग गर्न पाउने स्थितिमा छैनन् । तेस्रोलिङ्गी व्यक्तिहरूको बारेमा अन्य विषमलिङ्गी जसरी सहज रूपमा अध्ययन अनुसन्धान गर्न सम्भव हुँदैन । विशेषगरी तेस्रोलिङ्गी तथा समलिङ्गी विवाहबाट यस्ता व्यक्तिहरूको वैवाहिक सम्बन्ध, सम्बन्धको दिर्घकालीनता, सामाजिक स्वीकृति, सन्तानोत्पादनको चाहना, शारीरिक सुख, भावनात्मक एकता जस्त कुराहरूको खोजी नै यस अध्ययनको औचित्य हो ।

प्रस्तुत अध्ययनमा तेस्रोलिङ्गी समुदाय माथि राज्यको निति संविधानसँग बाभिmदा र विभेदकारी बनिदिँदा तेस्रोलिङ्गी तथा समलिङ्गी व्यक्तिहरूले भोग्नुपरेका समस्या, चुनौती, आवश्यकता र सवलीकरणका उपायको खोजीमा केन्द्रित रहेको छ । यसको अलवा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय सम्बन्धी अध्ययन गर्ने शोधार्थी, शिक्षक, विद्यार्थी, प्राध्यापक, पत्रकार, एन.जि.ओ. लगायत सबैलाई यस अध्ययनबाट नविन तथ्य प्राप्त गर्न तथ्य अध्ययन र विश्लेषण गर्न सजिलो हुने देखिन्छ ।

## १.५ अध्ययनका सीमाहरू

हाम्रो सामाजिक संरचना, मूल्य र मान्यता, शैक्षिक स्तर, चेतना, परिवारको प्रतिष्ठा आदि विविध कारणले गर्दा समाजमा अझै पनि तेस्रोलिङ्गी समुदायका व्यक्तिहरू खुलेर बाहिर आउन सकिरहेका छैनन् । त्यसकारण उनीहरूको यकिन तथ्याङ्क आउन सकिरहेको छैन । अर्कोतर्फ यस अध्ययन शैक्षिक अध्ययन भएको हुँदा सिमित स्रोतसाधन र समयको अभावको कारण बृहत अध्ययन अनुसन्धान गर्न पनि सम्भव नभएको कारणले गर्दा पोखरामा बसोबास गर्दै आइरहेका नौलो बिहानी पोखरा संस्था मार्फत सार्वजनिक भएका ४१ जना तेस्रोलिङ्गी व्यक्तिहरूको बारेमा मात्र अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययनमा तेस्रोलिङ्गी/समलिङ्गी विवाह भनेको के हो भन्नेबारे मात्र अध्ययन गरियो भने यो अध्ययन अपूर्ण हुनेछ । तसर्थ यहाँ तेस्रोलिङ्गी/समलिङ्गी विवाहको विविधता, यिनीहरूको सामाजिक सम्बन्धका पाटोहरू, आर्थिक तथा सामाजिक पक्षहरू, विवाहको दिर्घकालीनता, शारीरिक सुख, कानुनमा भएका व्यवस्थ, सन्तानोत्पादनको चाहना, पारिवारीक योजना जस्ता कुराहरूको पनि अध्ययन गरिएको छ ।

## १.६ अध्ययनको संगठन

प्रस्तुत अध्ययनलाई मूल रूपले ७ वटा अध्यायमा विभाजन गरिएको छ । नौलो बिहानी पोखरामा आवद्ध तेस्रोलिङ्गी व्यक्तिहरूको विवाह तथा सन्तान प्रतिको धारणाका बारेमा विस्तृत रूपमा अध्ययन गरिएको छ जसमा पहिलो अध्यायमा अध्ययनको सामान्य पृष्ठभूमि, समस्या, उद्देश्य, औचित्य र संगठनात्मक स्वरूप समावेश गरिएको छ । दोस्रो अध्यायमा पूर्व साहित्यको समिक्षा लेख, रचना, विद्धानका भनाईहरू राखिएको छ । तेस्रो अध्यायमा अनुसन्धानका विभिन्न विधिहरू, अध्ययन क्षेत्र छनोटको औचित्य, अध्ययनको ढाँचा, अध्ययनको समग्रता र नमूना छनोट, तथ्याङ्कको प्रकृति र स्रोतहरू, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरणका बारेमा चर्चा गरिएको छ । चौथो अध्यायमा तेस्रोलिङ्गी विवाहको मान्यतामा परिवर्तन ल्याउने पक्षहरूको अध्ययन गरिएको छ । अध्याय पाँचमा तेस्रोलिङ्गी व्यक्तिहरूको सन्तान सम्बन्धी धारणा राखिएको छ । अध्याय छ मा तेस्रोलिङ्गी व्यक्तिहरूको जनसांख्यिक सामाजिक विशेषताहरू छन् भने अन्तिम अध्याय सातमा अध्ययनको सारांश, उपलब्धी र निष्कर्ष समावेश गरिएको छ ।

# अध्याय दुई

# पूर्व साहित्यको समीक्षा

## २.१ सैद्धान्तिक अवधारणा

समलिङ्गीय विवाह सामाजिक सम्बन्ध र पहिचानका लागि विश्वव्यापी रूपमा नै प्रयत्नहरू भएका छन् । LGBTI अधिकारलाई एउटा सामाजिक घटना वा अवस्थाका रूपमा स्वीकार गरी यिनका आवश्यकतालाई लैङ्गिक विषयहरू बनाउनुपर्ने विषयमा पनि चर्चाहरू भएका छन् । समलिङ्गी विवाहले कानुनी मान्यता पाउनुपर्दछ भन्ने बारे आन्दोलनहरू पनि भएका छन् । तर यसलाई सम्बोधन गर्ने विश्वव्यापी कानुन भन्दा पनि प्रत्येक देशहरूले यो घटनाका बारेमा क्रमिक रूपमा सकारात्मक सोच बनाउदै आएका छन् । संयुक्त राष्ट्रसंघीय मानवअधिकारको घोषणापत्रले पनि सबै नागरिकहरूका लागि समान अधिकारको प्राप्तीलाई जोड दिएको अवस्था छ ।

सन् १९७० को दशकमा नागरिक अधिकारका रूपमा अल्पसंख्यकमा रहेका Gay र Lesbian को अधिकारलाई जोड दियो । यसैगरी सन् १९७० को दशक र ८० को दशकको मध्येसम्मा Lesbian Feminism को अवधारणा विकास भयो । जसले समलिङ्गीय महिला अधिकारलाई महिला अधिकारको एउटा अभिन्न अंगका रूपमा स्वीकार गर्दथे । समलिङ्गीय अधिकारका आन्दोलनहरूबाट सन् १९८५ मा Canadian Charter of Right and Freedom's अन्तर्गत रहेर क्यानडाले समलिङ्गीय विवाहलाई कानुनी अधिकार थियो ।

सन् १९९० को दशकसँगै गैर पश्चिमी देशहरूमा समलिङ्गीय अधिकारका आन्दोलनहरू भए । फिलीपिन्स र पराग्वेमा यस प्रकारका संगठनहरू देखा परे । जसले सन् १९९४ मा यी देशहरूमा प्रदर्शन गर्यो एसिया र अफ्रिकामा यस प्रकारका आन्दोलनहरू माग अल्पसंख्यक अधिकारका रूपमा भारतमा हिजडा आन्दोलन मार्फत तेस्रोलिङ्गीय पहिचानका आनदोलनहरू भए । सन् २००१ मा नेदरल्याण्ड समलिङ्गी विवाहलाई कानुनी मान्यता दियो । आजसम्म स्वीडेन, अर्जेन्टीना, वेल्जीयम, आइसल्याण्ड, क्यानडा, नर्वे, दक्षिण अफ्रिका, स्पेन, पर्चुगल लागयतका देशहरूले समलिङ्गी विवाहलाई कानुनी अधिकार दिएको अवस्था छ । अमेरीकाका केही राज्यहरूमा मात्र यो अधिकार छ । संयुक्त राष्ट्रसंघले समलिङ्गी विवाह सम्बन्धी United Nations Declaration on Sexual Orientation and

Gender Indentity नामको घोषणापत्र जारी गर्न सन् २००८ को डिसेम्वरमा प्रस्ताव गरेकोमा ७६ राष्ट्रहरूले गैर कानुनी भनेका थिए ।

नेपालमा पछिल्लो समयमा आएर LGBTI अधिकारका आन्दोलनहरू बहस र छलफल भएका छन् । समाजमा समलिङ्गीय विवाहको लागि २०६४ साल पौष ६ गतेका दिन सर्वोच्च अदालतले सरकारका नाममा LGBTI हरूका लागि समान कानुनी अधिकार स्थापित गर्नका लागि कानुन निर्माण गर्न आदेश दिएको थियो । पछिल्लो समयमा समलिङ्गी विवाहका लागि आगामी संविधानमा व्यवस्था गर्नका लागि अभ्यासहरू भएको बुझिएको छ । फैसलामा महिला र पुरुष बाहेकको यौन अभिमूखिकरणलाई मान्यता दिई तिनीहरूलाई मौलिक अधिकारले व्यवस्था गरेका सबै अधिकार उपभोग गर्न खुला गरेको छ ।

**ब्लुडाइमण्ड समाज** : यो काठमाडौँमा अवस्थित छ । जसलाई संविधान सभाका सांसद सुनिल पन्त जुन संसदका एक मात्र समलिङ्गी नेतृत्व दिनुभएको छ । यसले अब बन्ने संविधानमा समलिङ्गी अधिकारका लागि सकारात्मक भूमिका निर्वाह हुनसक्ने अवस्था सिर्जना गरेको छ ।

- साइनो नेपाल, नारायणगढ, चितवन
- साहारा समाज, इटहरी, सुनसरी
- नौलो सिर्जना, नेपालगञ्ज, बाँके
- संगिनी नेपाल, विरगञ्ज, पर्सा
- परिवर्तन नेपाल, पोखरा, कास्की
- एकता नेपाल, धनगढी, कैलाली

पछिल्लो समयमा आएर समलिङ्गीय अधिकार, पहचान र विकासका लागि मानिसहरू सडकमा आउने घटनाहरू देखिएका छन् । शुरुशुरुमा अचम्म मान्ने यी नेपाली समाजले यी घटनाहरूलाई पनि एउटा सामाजिक यर्थाथका रूपमा बुझ्दै जानेछ । तर पनि विवाह, सम्पत्तिको अधिकार आदिमा महिला वा पुरुष लिङ्गको मात्र व्यवस्था र अधिकार उल्लेख छ । नागरिकतामा पनि महिला र पुरुष लेखिएको हुन्छ । जसले गर्दा तेस्रोलिङ्गीका रूपमा उनीहरूको सम्पत्ती, राजनिति, अवसर आदि प्राप्त गर्न सकेको छैन ।

## समलिङ्गीय र पृथक लिङ्गीयता

### क) समलिङ्गीय यौन सम्बन्ध

समलिङ्गीय यौन सम्बन्ध त्यस्तो यौन सम्बन्ध र व्यवहार हो जहाँ एउटै लिङ्गीका बीच यौन सम्बन्ध राखिन्छ । एउटै लिङ्गी बिच शारीरिक र सामाजिक सम्बन्धको विकास हुन्छ । समलिङ्गी यौन सम्बन्ध अन्तर्गत साधारतय केटा-केटा बीच यौन सम्बन्धलाई गे भनिन्छ । केटीकेटी बीचको यौन सम्बन्धलाई लेस्वियन भनिन्छ ।

### ख) पृथक लिङ्गीय यौन सम्बन्ध

विपरित लिङ्गीका बिचको यौन सम्बन्धलाई हेटरीसेक्स्यालुटी भनिन्छ । यस प्रकारको प्रचलन र मान्यता प्रायः सबै समाजमा पाइन्छ । एउटा पुरुष र महिलाले एउटा वा बढी महिला वा पुरुषसँग सम्बन्ध राख्नु त्यसैमा आधाति भएर विवाह गर्नु वा सम्बन्ध स्थापित गर्नु विपरित लैङ्गिक सम्बन्ध हो । मानव समाजको उद्‌विकास सँगै यस प्रकारको सम्बन्धको विकास भएको पाइन्छ । यस प्रकारको सम्बन्धलाई प्राकृतिक सम्बन्ध पनि भनिन्छ । यस सम्बन्धलाई कानुनी मान्यता दिएको हुन्छ । यसैको आधारमा समाजमा विवाहवारी पनि हुने गर्दछन् ।

### ग) द्वैद्य यौन सम्बन्ध

द्वैद्य यौन सम्बन्ध त्यस्तो सम्बन्ध हो जहाँ एउटा महिला वा पुरुषले आफ्नै लिङ्ग र विपरित लिङ्गका बीच आकर्षण भई यौन सम्बन्ध राख्न सक्छन् । हाम्रो समाजमा महिला र पुरुष जो विवाहवारी गरी बसेका छन् । बालबच्चा जन्माएका छन् तर उनीहरूको गोप्य रूपमा समलिङ्गीहरूसँग यौन सम्बन्ध राखेका घटनाहरू छन् ।

### घ) अङ्ग बदल्ने यौन सम्बन्ध

यस प्रकारको यौन सम्बन्ध लुप्त रूपमा रहेको हुन्छ । पुरुषहरूको महिलाको प्रवृत्ति वा आकृतिसँग मिल्न महिलाले पुरुषको प्रवृत्ति र आकृतिसँग मिल्ने गरी स्वरूपमा परिवर्तन गरी यौन सम्बन्ध राख्नु ट्रान्ससेक्युवालिटी हो ।

## ङ) अन्तरलिङ्गी

यसमा एउटा लिङ्गीय व्यक्तिमा जैविकिय रूपमा महिला र पुरुष दुवै लिङ्गका विशेषता रहन्छन् । यसैका आधारमा महिला र पुरुष दुवैसँग यौन सम्बन्ध राख्न सक्ने सम्भावना रहन्छ ।

सामान्य बुझाईमा लैङ्गिक (Gender) शब्दले लिङ्ग (Sex) लाई नै जनाउँदछ । कतिपय अर्थ र बुझाइमा लिङ्ग (Sex) शब्दले नै लैङ्गिक (Gender) शब्दलाई अभिव्यक्त गरेको भान हुन्छ तर दुवै अवधारणाहरू बीच स्पष्ट भिन्नता छ । सामाजिक लिङ्ग अथवा जेण्डर नितान्त सामाजिक साँस्कृतिक व्यवस्थाबाट निर्धारण हुन्छ । समाजले नै महिला र पुरुषलाई के गर्ने र के नगर्ने भन्ने बारे पद तथा भूमिका (Status and Role) को निर्धारण गर्ने प्रचलन रहेको छ । त्यसैले सामाजिक लिङ्गको निर्धारक तत्व कुनै जैविकिय विशेषता नभई सामाजिक साँस्कृतिक विशेषता हो ।

समाजले महिला र पुरुषलाई कस्तो प्रकारको पद, भूमिका र अधिकार दिन्छ । उनीहरूलाई कस्तो किसिमको व्यवहार तथा मानसिकता विकास गर्न सिकाउछ । त्यसको अर्थबोध गर्नुलाई सामाजिक लिङ्ग अर्थात जेण्डर भनिन्छ (भासिन, २००३) । लिङ्ग शब्दले महिला र पुरुषको जैविकीय भिन्नतालाई जनाउँदछ भने लैङ्गिक शब्दले मनोवैज्ञानिक, सामाजिक र साँस्कृतिक भिन्नतालाई बुझाउछ (गिडेन्स, २००१) ।

मानव सबै एकै हुन् भने पनि नेपाली समाजले यो कुरालाई अझैसम्म आत्मसात गर्न सकिरहेको छैन । संविधानले स्पष्ट रूपमा नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनेर व्यवस्था गरेको छ ।

हाम्रो समाज पितृसत्तामुखी भएकोले निर्णय प्रक्रियामा पुरुषको भूमिका अहम् देखिन्छ । यसरी हेर्दा समाजको जनुसुकै पक्षमा पनि महिला र पुरुष बीच विभेद देखिन्छ । यस्तो अवस्थामा तेस्रोलिङ्गीको अवस्थाको कल्पना सम्म पनि गर्न सकिदैन । उनीहरूको अवस्था एकदमै दयनिय छ । उनीहरू सामान्य व्यक्ति सरह जीवनयापन गर्न सकिरहेका छैनन् । अदालतले यो समुदायको पहिचानको आधारमा नागरिकता दिनु भनि आदेश गरेपनि नागकिता प्राप्त गर्नलाई अझै पनि महाभारत छ ।

नेपालमा सर्वप्रथम चन्दा मुसलमानले तेस्रोलिङ्गीका रूपमा नागरिकता पाएकी छिन् भने कास्की जिल्लाबाट विष्णु अधिकारीले पहिचानको आधारमा नागरिकता प्राप्त गरेका छन् (शर्मा, २०३९) ।

विगतको तुलनामा नेपाली समाजमा केही परिवर्तन आए पनि पूर्ण रूपमा विभेदमुक्त बनिसकेका छैन । हाम्रो समाज अझै पनि पितृसत्ताको धङ्धडीबाट मुक्त हुन सकिरहेको छैन । यसले अझै पनि कुनै न कुनै रूपमा जरो गाडेर बसेको छ । एक्काइशौँ शताब्दीको यो युगमा पनि लाखौ तेस्रोलिङ्गी व्यक्तिहरू हिंजडा, छक्का, नपुंसक जस्ता अपमानको दिनचर्या भन्दा पर जीवनको अर्थ खोजिरहेका छन् ।

### २.१.१ महिलावादी सिद्धान्त

उनाइशौँ शताब्दी युरोपेली महादिपमा जागरणको युग बनेर आइदियो । विभिन्न समयमा यस महादिपभित्र भइरहेको औद्योगिक क्रान्ति, वैज्ञानिक क्रान्तिले पितृसत्ताको जगमा निर्माण भएको सामाजिक संरचनाम धावा बोल्यो । त्यही उथलपुथल कालको बाछिटा हो महिला आन्दोलन । त्यसबेला भएको विभिन्न आन्दोलनहरूको मन्थनबाट महिला आन्दोलनको जन्म भएको हो । त्यसैले त्यो आन्दोलनको सारतत्व महिलाहरूको समस्याको उजागर होइन पितृसत्ताद्वारा लादिएको हैकमको खिलाफमा थियो । समानताको लडाइ थियो । वस्तुगत तथ्य र सुसंगत तर्कको आधारमा पितृसत्ताद्वारा थोपरिएको असमान विभेदहरूको पहिचान गरी तिनलाई अग्रगामी र न्यायपूर्ण तरिकाद्वारा हल गरी महिलामाथि भइरहेको शोषण, दमन र उत्पिडनबाट छुटकारा पाई सम्मानपूर्ण ढंगले बाँच्नु थियो । Mary Wallstone Craft, 1792) ।

महिलावादी सिद्धान्त (Feminist Theories) ले समाजलाई लिङ्गको आधारमा के कसरी विभेदमा राखेको छ भन्ने कुरा देखाउँछ । महिलावादी सिद्धान्त भित्र आमूल महिलावाद सन् १९६० को दशकको अन्ततिर बढी प्रभावकारी बनेको देखिन्छ । यसले समाजको प्रत्येक जात, वर्ण, संरचना, संस्थामा दमन, विभेद र असमानता रहेकोले लैङ्गिक विभेदको जटिलतालाई विशेष जोड दिन्छ समाजमा हुने लैङ्गिक विभेदको महत्वपूर्ण कारक तत्व भनेको पितसत्तात्मक सामाजिक सम्बन्ध हो भन्ने बुझाई आमूल महिलावादीहरूको धारणा रहेको छ । यो सिद्धान्तले पितृसत्ताद्वारा दबाइएका महिलाहरूले त्यसका विरुद्ध डटेर सामना गर्दै प्राकृतिक लिङ्गको भूमिकामा समेत विकल्पको खोजी गर्न महिला सक्षम छन्

भन्ने मान्यता राख्छ । आमूल महिलावादीहरू लोग्ने मानिसको आवश्यकता पूर्ति गर्न समलिङ्गी विवाह (Homosex Relationship) पनि एउटा विकल्पका रूपमा आउन सक्छ, जसले पितृसत्ता अन्तर्गत पुरुषहरूको हैकमवादी र दमनकारी सोचाइ र व्यवहारलाई ठूलो झड्का दिन सकोस् ।

जेण्डर सामाजिक लिङ्गको रूपमा आएको नविन अवधारणा हो । जेण्डरको अवधारणा असीको देशकमा विकसित भएको हो । यो मुलतः सन् १९६० र १९७० को  दशकम विश्व महिला आन्दोलनले ल्याएको उपलब्धी हो । भारतीय महिला आन्दोलनको हस्ती तथा नारीवादी लेखक कमला भासिन भन्छिन् ‘नेपालमा जेण्डरलाई लिङ्गको अर्थमा प्रयोग गर्ने गरिन्छ, त्यो सहि शब्द होइन । जेण्डरलाई लिङ्ग भन्ने हो भने तपाईले जेण्डरको बहस नै अन्त्य गरिदिनु भयो । किनभने नेपालीमा लिङ्गको अर्थ हुन्छ -पेनिस (पुरुषको योनाङ्ग) र सेक्स अर्थात भाले, पोथी तर जेण्डर भनेको यी दुवै भन्दा निकै भिन्न हो । जेण्डर भनेको सामाजिक लिङ्ग हो ।

यसर्थ महिला र पुरुष बाहेक समाजमा अर्को लिङ्ग भएका मानिसहरू पनि हुन्छन् भन्ने स्वीकार गर्न मुस्किलन पर्छ । तर समाजमा यस्ता फरक खालका व्यक्ति पनि हुने गर्दछन् र उनीहरूलाई तेस्रोलिङ्गी भनिन्छ । तेस्रोलिङ्गी भन्नाले महिला पुरुष भन्दा पृथक स्वभाव, प्रकृती, अपेच्छा अनुरूपको लैङ्गिक अवस्था हो । उनीहरू सामाजिक साँस्कृतिक कारणहरूले गर्दा खुलेर समाजमा देखिएका हुँदैनन् । तेस्रोलिङ्गी त्यस्तो लैङ्गिक व्यवहार र सम्बन्ध हो जहाँ महिला-महिला र पुरुष-पुरुष बीच यौन सम्बन्ध रहन्छ । जेण्डरलाई हिन्दू दर्शनबाट विश्लेषण गर्दै दिल्ली युनिभरसिटीको मानवशास्त्री प्रोफेसर शुभद्रा मित्र चान्नाले एक पुस्तकमा दक्षिण एसियामा तेस्रोलिङ्गीको साँस्कृतिक र संस्कारगत महत्व रहेको तर्क प्रस्तुत गरेकी छन् । समग्रमा महिला तथा यौनिक अल्पसंख्यकहरूलाई पुरुषहरूले पितृसत्ताको बलमा बिस्तारै आफ्नो नियन्त्रणमा ल्याएको र दमन गरेको उनको तर्क छ ।

जब प्रारम्भिक युगबाट मानिसहरू दास युगमा प्रवेश गरे तब महिला विरुद्ध हिंसाको सुरुवात भएको पाइन्छ । दास युगमा महिलालाई दासको रूपमा व्यवहार गर्न सुरुवात भयो र निजी सम्पत्तिको उदयसँगै महिलाहरूलाई पुरुषहरूको खेलौना बनाई भोग विलासको साधनको रूपमा पनि प्रयोग गर्न थालियो । अर्थात सामान्ती युगमा त जसले धेरै स्वास्नी ल्याउँछ उसको रवाफ र शक्ति उच्च मानिन्थ्यो ।

युरोपमा १९ औँ शताब्दीमा यो अवधारणाको प्रयोग भएको पाइन्छ । वर्तमन विश्वमा प्राय सबै समाजमा यस प्रकारको प्रवृत्ती देखिन्छ । आज हामी हुर्कदै गरेको समाजको संरचना पितृसत्तात्मक ढाँचाबाट सञ्चालित छ । जसले गर्दा परिवारको उत्तराधिकारीको प्रणाली पुरुषप्रद्धत छ । जसमा वंश परम्पराको हस्तान्तरण छोरामा हुने गर्दछ ।

हाम्रो वैदिक मान्यता अनुसार विवाहका मुख्य दुई उद्देश्य देखिन्छन् (१) मर्यादित रूपमा कामवासनाको उपभोग गर्नु र (२) वंश परम्परा अविच्छिन्न बनाउनका लागि सन्तान उत्पादन गर्नु । यी दुई उद्देश्य नारी र पुरुषको सहकार्यबाट मात्र सम्भव हुने भएकाले तेस्रोलिङ्गी तथा समलिङ्गी विवाहबाट यी कुराहरू सम्भव हुँदैनन् ।

हाम्रो उत्पादन व्यवस्थामा पनि पितृसत्ताले महिलालाई पुरुषको समकक्षीको रूपमा नहेरी सहयोगीको रूपमा मात्र चित्रण गरेको देखिन्छ । उत्पादन व्यवस्था लगायत सामाजिक व्यवस्थामा पुरुष बिनाको महिला र महिला बिनाको पुरुषको परिकल्पना समेत गर्न सकिदैन र स्वतन्त्र अस्तित्व समेत रहदैन । पितृसत्तात्मक संरचनाले महिलालाई एउटा वस्तु र सहयोगीको रूपमा मात्र परिभाषित गरेको देखिन्छ । आदिम समाज विभेद रहित समाज थियो जहाँ लिङ्ग, जाति, धनि, गरिब, महिला, पुरुष आदिको आधारमा कसै माथि पनि विभेद हुदैनथ्यो । समयको पदचापसँगै सम्पत्ती माथि पुरुषको आधिपत्य हुनपुग्यो । यही श्रङ्खलामा अधिकार, शक्ति, अवसर र पहुँच माथि पुरुषको मात्र एकछत्र पकड हुँदै गयो । पिँधमा परेका महिला, तल पारिएका समुदाय झन् झन् पछाडी पारिदै गए ।

### २.१.२ द्वन्द्ववादी सिद्धान्त

द्वन्द्ववादी सिद्धान्तले प्रत्येक समाजको प्रत्येक कालखण्डमा द्वन्द्व थियो र भइरहन्छ भन्ने मत जाहेर गर्दछ । सामाजिक साँस्कृतिक विकासक्रममा द्वन्द्ववादको व्याख्या र विश्लेषण गर्ने श्रेय कार्ल मार्क्स (Karl Marx) र एन्जेल्स (Engles) दिन सकिन्छ । द्वन्द्ववादको विकसको क्रममा अठारौं शताब्दीको औद्योगिक क्रान्ति र यसले युरोपेली समाजमा पारेको प्रभावले निकै महत्वपूर्ण योगदान दिएको पाइन्छ । वास्तवमा द्वन्द्ववादी सिद्धान्तले सर्वहारा वर्ग र पुँजीपति वर्ग बीचको अर्को अर्न्तद्वन्द्वको रचना कसरी भएको छ भन्ने तथ्य देखाउन औद्योगिकीकरण पछि विकास भएको पुँजीवादी समाजलाई आधार बनाएका थिए । औद्योगिक क्रान्तिपछिको समाजमा अनेकौ वर्गको निर्माण भयो (थोमस, १९९१) ।

पुँजीपति वर्गहरूका पिँधमा परेका वर्गलाई शोषण, दमन गरिरहे । यसमा सामान्तवादको उदय र पुँजीपतिको वर्गको निर्माण भयो । यसमा सामाजिक परिवर्तनका प्रभावहरू व्यापक रूपमा देखिन थाले । समाजमा परिवर्तन, द्वन्द्व र अस्तित्वका लागि विद्रोह हुन थाले । द्वन्द्ववादी सिद्धान्त अनुसार समाजको रूपान्तरण पनि नयाँ र पुरानो बीचको द्वन्द्वबाट नै सम्भव हुने गर्दछ । पितृसत्तात्मक समाजले जुन खाले विभेद, दमन तथा उत्पीडनमा समाजको पिँधमा पारिएका समूहलाई राखेको थियो त्यही द्वन्द्ववादी सिद्धान्तको मान्यता अनुरूप समाजमा अहिले परिवर्तनका आन्दोलनहरू देखा परेका हुन् । यस आधारमा भन्न सकिन्छ कि तेस्रोलिङ्गी तथा समलिङ्गी विवाह द्वन्द्ववादी सिद्धान्तको सशक्त प्रतिविम्ब हो । पश्चिमी देशहरूमा भएका रंगभेदी आन्दोलन, दक्षिण एसियामा भएको दलित आन्दोलन द्वन्द्ववादी सिद्धान्तको बाछिटाहरू हुन् । जुन सिद्धान्तले सामाजिक लक्ष्य प्राप्त हुन सक्छ भन्ने मान्यता राख्दछ । त्यसैले समाज र संस्कृतिको विश्लेषणमा द्वन्द्ववादको नियम (Law of Conflict) लाई बुझ्न र यस दृष्टिकोणको प्रयोग अत्यन्तै आवश्यक छ ।

### २.१.३ आधुनिकीकरण

आधुनिकीकरण एक सामाजिक प्रक्रिया हो । जसको माध्यमबाट समाज सरलबाट जटिल र परम्परागतबाट आधुनिकता तर्फ अग्रसर हुने गर्छ । आधुनिकीकरणको प्रक्रियामा उद्योगको तिव्र विकास र प्रविधिको उच्चतम प्रयोगले उत्पादन प्रक्रियामा व्यवसायिकरण र विविधीकरणको विकास हुने गर्दछ । यसको फलस्वरूप सामाजिक सम्बन्ध, संगठन, संस्था आदिमा परिवर्तन मात्र आउँदैन यसले मानिसको सिंगो जीवनपद्धतीको तरिकामा नै परिवर्तन ल्याइदिन्छ । यसबाट सामाजिक संरचनाहरूमा पनि स्वत : परिवर्तन आउने गर्दछ । उत्पादनमा नयाँ नयाँ तरिका, औद्योगिक विकास र विस्तारले नविन उत्पादनको तरिका र वस्तुहरूको उत्पादन हुने गर्दछ । यसबाट पारिवारीक संरचनाका विवाह, नाता सम्बन्ध, सामाजिक लेनदेन, मातृत्व आदिमा परिवर्तन ल्याउन सकिन्छ । आधुनिकीकरणले विवाहको हाम्रो पूर्वीय मान्यतालाई पूर्नविचार गर्नुपर्ने अवस्थामा ल्याएको छ । आधुनिकीकरणबाट हुने नयाँ नयाँ विकास र मान्यताले मानिसको सोचाइमा नै परिवर्तन ल्याउँदछ । यस्तै समाजका अन्धविश्वास, रुढीवादी र कुरितीहरूलाई हटाई समतामूलक र वैज्ञानिक समाजको निर्माण गर्न सहयोग गरिरहेको हुन्छ ।

### २.१.४ विश्वव्यापीकरण

विश्वव्यापीकरण विकासको पछिल्लो परिभाषा हो । जसलाई अर्को शब्दमा भूमण्डलीकरण पनि भनिन्छ । संसार विश्वव्यापीकरणको यो समयमा एकदमै साँघुरिदै गइरहेको छ । हामी घरमै बसीबसी संसारका सारा कुरा माथि पहुँच र पकड जमाउन सक्छौँ । सन् १९८० को दशकदेखी विश्वव्यापीकरणले बढी महत्व पाएको हो । खासगरी सन् १९९० को दशकयता विविध क्षेत्रीय एवम अन्तराष्ट्रिय सन्धी सम्झौताको विश्वव्यापीकरण प्रक्रियालाई अझ बढी प्रवर्द्धन गरेको देखिन्छ (एभरेष्ट दैनिक, २०१९) ।

आधुनिक विश्वमा राजनितिक, आर्थिक, समाजिक, प्रशासनिक र साँस्कृतिक लगायत सबै विषयमा साझा मूल्यमान्यता र प्रक्रियाको स्थापना गर्ने अभियान नै विश्वव्यापीकरण (Globalization is the increasinginteration of national economies in the global market) हो । माइकल पी. टोडारोले विश्वव्यापीकरणलाई भनेर परिभाषित गरेका छन् । यसको सर्वमान्य परिभाषा रहेको पाइदैन । It is a process of integration and interdependence समेत भन्ने गरिन्छ ।

विश्वव्यापीकरणले सम्पूर्ण क्षेत्रमा प्रभाव पारेको हुन्छ । जस्तो राजनितिक क्षेत्रमा लोकतान्त्रिक मूल्य र मान्यताको विकास, विधिको शासन, समावेशीकरण, सामाजिक न्याय, मानव अधिकार आदिको उदय । देशको हरेक क्षेत्रलाई राजनितिले नै लिड गर्ने हुँदा राजनितिक व्यवस्थामा आउने सकारात्मक परिवर्तन तेस्रोलिङ्गी समुदायलाई नछुने भन्ने कुरा नै हुँदैन । समाजमा उनीहरूलाई सम्मानपूर्वक बाँच्नको लागि राजनितिक व्यवस्थाले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ (Anamarie, 2006) ।

अर्कोतर्फ विश्वव्यापीकरणले सामाजिक तथा साँस्कृतिक क्षेत्रमा व्यापक परिवर्तन गरेको हुन्छ । हाम्रो सामाजिक सोच, संस्कार र संरचनामा परिवर्तन गरेको हुन्छ । मानिसको चेतना फराकिलो बनाउन पनि यसले भूमिका खेलेको हुन्छ । सामाजिक संजालमा आएको क्रान्तिकारी परिवर्तनले गर्दा सूचनामा हुने तिव्र प्रसारको कारण कुनै पनि मूल्यमान्यतालाई हेर्ने परम्परागत धारणामा परिवर्तन गर्न सघाउ पुगिरहेको छ । अहिले तेस्रोलिङ्गी व्यक्तिहरूलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आउनुको पछाडी विश्वव्यापीकरणको प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका रहेको छ ।

## २.२ पूर्व अध्ययनको समिक्षा

तेस्रोलिङ्गी समुदायको उपस्थिति हाम्रो पूर्वीय समाजमा धेरै पहिले देखी रहदै आएको कुरा विभिन्न धर्मग्रन्थहरूमा उल्लेख भएको पाइन्छ। जस्तो की अर्ध नारेश्वर देवता पुरुष र महिलाको रूपमा रहेको पाइन्छ । श्यामली देवी कृष्णको रूपमा रहेको पाइन्छ । हिन्दू धर्मग्रन्थ काम शुत्रमा समलिङ्गी विवाह हुने कुरा उल्लेख छ । सस्कृत शब्दकोशमा २० प्रकारका तेस्रोलिङ्गी हुन्छन् भन्ने कुरा उल्लेख छ (आदर्श समाज राष्ट्रिय दैनिक, २०७०) । विभिन्न प्राचिन सभ्यताहरू युनान, ग्रीक, मेसोपोटामिया, मिश्र, बेबीलोन, सुमेर जस्ता सभ्यताहरूमा पनि पुरुष र महिला भन्दा पृथक लैङ्गिक पहिचान भएका उदाहरणहरू पाइएका छन् । त्यस्तै बौद्ध र जैन धर्ममा पनि तेस्रो लिङ्गीको बारेमा उल्लेख गरिएको छ । सृष्टिको संरचनामा प्रारम्भिक कालदेखी नै विविधता छ । हाम्रो धर्मग्रन्थले त्यही विविधतालाई नै सृष्टि मान्दछ। त्यसैले जहाँ घाम हुन्छ, त्यहाँ पानी पर्छ, जहाँ जन्म हुन्छ, त्यहाँ मृत्यु हुन्छ भनेको जस्तै जहाँ महिला पुरुष हुन्छ त्यहाँ अन्तरलिङ्गी, तेस्रोलिङ्गी हुन्छ भन्ने बुझ्न आवश्यक छ (Shery, 2009) ।

तेस्रोलिङ्गी भन्नाले महिला र पुरुष भन्दा पृथक स्वभाव, प्रकृति, अपेक्षा अनुरूपको लैङ्गिक व्यवहार हो । जन्मदा बालक वा बालिका जे सुकै भएपनि त्यस्तो व्यक्ति हुर्कदा जसको लैङ्गिक पहिचान (Gender Identity), लैङ्गिक प्रस्तुती (Gender Expression), व्यक्तित्व आदि समाजमा परम्परागत महिला र पुरुषले अपेक्षा गरे भन्दा फरक हुन्छ । नेपालमा विभिन्न भेगमा विभिन्न भाषामा तेस्रोलिङ्गीलाई यस्तो भनिन्छ।

| | |
|---|---|
| मेटो | पूर्वी नेपालबाट आएको शब्द, यस्ता व्यक्तिहरू -जन्मदा बालक तर हुर्कदा आफुलाई स्त्री स्वभावको पाउन) लाई इङ्गित गर्दछ जो आफुलाई महिला वा पुरुष दुवै ठान्दैनन् । |
| सिंगारु | तेस्रोलिङ्गी व्यक्तिहरूलाई पश्चिम पहाडतिर सिंगारु भनिन्छ। |
| मारुनी | त्यस्तै केटीको भेषमा नाच्ने पुरुष वा तेस्रोलिङ्गी व्यक्तिलाई मारुनी भनिन्छ। |
| मैगिया वा कोथी | तेस्रोलिङ्गी व्यक्तिलाई तराईतिर मौगिया वा कोथी भनिन्छ। |
| फुलुमुलु | तेस्रोलिङ्गी व्यक्तिलाई हिमाली भेगमा फुलुमुलु भनिन्छ आदि । |

आज उपेक्षा भावका रूपमा प्रयोग हुने गरेको हिजडा शब्दको व्युत्पत्तिको कथा रोचक छ । यो शब्द भारतबाट आएको हो । भारतमा मुगल शासनकालमा रानी, राजकुमारी तथा दरबारका महिला दासीहरूलाई गाना तथा नृत्य सिकाउने गुरुसँग यौन सम्पर्क नहोस् भनेर गुरुको लिङ्ग काटिन्थ्यो । यस कामलाई निर्वाना (Nirbana) भनिन्थ्यो । सकेसम्म प्राकृतिक रूपमै लिङ्ग नभएका व्यक्तिलाई संगीत/नृत्यगुरुमा नियुक्त गर्न्थियो । यस्ता व्यक्ति अक्वा (Aqua) भनिन्थे । संगीत/नृत्य सिकाउने पदलाई हिजडा भनिन्थ्यो । त्यसबेला हिजडाहरू समाजमा सम्मानीत हुन्थे । बेलायतीहरूको भारतमा प्रवेशपछि बिस्तारै राजा महाराजाहरू हटे । हिजडाहरू जीविकाका लागि सडकमा आए ।

समाजको आधुनिकीकरणको प्रक्रियासँगै सामाजिक सम्बन्ध, सामाजिक संगठन, संस्था आदिमा परिवर्तन मात्र आउँदैन मानिसको सिंगो जीवदपद्धतीको तरिकामा यसले प्रभाव पार्दछ । यसबाट पारिवारीक संरचनाका विवाह, नाना सम्बन्ध, सामाजिक लेनदेन, मातृत्व आदिमा परिवर्तन आउन पुग्छ । यसबाट समुदायको सबै वर्ग र तह प्रभावित भई उनीहरूको सामाजिक ढाँचामा परिवर्तन आउने गर्छ । समाजका अन्धविश्वास, रुढीवादी र कुरितिहरूलाई हटाई समतामूलक र वैज्ञानिक समाजको निर्माण गर्न आधुनिकीकरणले सहयोग पुऱ्याइएको हुन्छ । यसले हाम्रो मानवीय सम्बन्धमा प्रभाव नपार्ने कुरै भएन । तेस्रोलिङ्गी तथा समलिङ्गी विवाह सम्बन्धी भइरहेको बहस, विभिन्न देशले दिइरहेको मान्यता आधुनिकीकरणको एउटा नमूनाको अर्थको रूपमा पनि लिन सकिन्छ (Dana, 2009) ।

नेपालमा सर्वप्रथमक सन् २००१ मा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको पहिचान र अधिकारको वकालत गर्नका लागि गैर सरकारी संस्थाको रूपमा निलहिरा समाज (Blue Dimond Society) स्थापना भयो । त्यसपछि यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू यस संस्थासँग आवद्ध भई आफ्नो हक अधिकारका लागि खुलेर हिड्न र छलफल गर्न थालेको पाइन्छ । तत्कालीन संविधान सभामा निलहिरा समाजका अध्यक्ष सुनिलबाबु पन्त सभासद पनि रहनुभयो । आज निलहिरा समाजका अतिरिक्त सन् २००५ मा स्थापना भएको मितिनी नेपालका साथै यस समुदायको अधिकारकमा क्षेत्रमा क्रियाशील विभिन्न संघसंस्थाहरूको महासंघ समेत स्थापना भई यस अल्पसंख्यक र सीमान्तकृत समुदायका मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि प्रयत्नशील छन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकारका अभियन्ता पूर्वसभासद सुनिलबाबु पन्त, निलहिरा समाजकी अध्यक्ष पिंकी गुरुङ र तेस्रोलिङ्गी अधिकारकर्मी आनिक रानाले प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय,

गृहमन्त्रालय र देशैभरका सिडियोहरूलाई विपक्षी बनाएर २०७० सालमा संयुक्त रूपमा दायर गरेको रिटमा फैसला गर्दै सर्वोच्च अदालतले यो समुदायका लागि निकै महत्वपूर्ण फैसला गरेको थियो (निलहिरा समाजको अभिलेख, २०६८)।

समलिङ्गी विवाह एक प्रकारको प्राकृतिक लिङ्ग वा लैङ्गिक पहिचान भएका दुई व्यक्ति बीचको सामाजिक वा धार्मिक अनुष्ठान अनुसार हुने विवाह हो । समलिङ्गी विवाहलाई मान्यता दिएर धेरै देशको दाँजोमा उदार र प्रगतिशील बनेको नेपाल अहिले पछि हटेको छ । मुलुकी ऐन संशोधन गर्न ल्याइएको देवानी कानुनले समलिङ्गी विवाह अस्वीकृत गरेको हो । संवत २०७५ भदौ १ देखि लागु भएको यो कानुनको मस्यौदाको क्रममा मान्छे र मान्छे बीच विवाह हुने प्रावधान राख्न प्रस्ताव गरिएको थियो । २०७३ मंसिरमा उक्त वाक्यांश हटाएर महिला र पुरुषबीच हुने प्रावधान राखियो । यहि प्रावधानले नेपाललाई समलिङ्गी विवाहमा पहिले भन्दा फरक अनुदार बनाएको हो ।

नेपाल सरकारले समलिङ्गी विवाहको अवस्था र प्रभावबारे बुझि राय सल्लाह दिनका लागि एउटा समिति गठन गरिएको थियो । त्यसको स्वरूप निम्न अनुसारको रहेको थियो ।

१. स्वास्थ्य मन्त्रालयले तोकिएको विशेषज्ञ डाक्टर -संयोजक
२. राष्ट्रिय मानव अधिकार आयोगले तोकेको आफ्नो एक जना प्रतिनिधि - सदस्य
३. कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको प्रतिनिधित्व
४. नेपाल सरकारले तोकेको एक जना समाजशास्त्री - सदस्य
५. नेपाल प्रहरीको प्रतिनिधि (यस विषयका विशेषज्ञ) - सदस्य
६. जनसंख्या तथा वातावरण मन्त्रालयका प्रतिनिधि - सदस्य
७. निवेदकहरूको प्रतिनिधित्व गर्ने अधिवक्ता हरि फुयान - सदस्य


नेपालमा समलिङ्गी अधिकारका लागि विभिन्न संगठनहरू खोलिएका छन् । सन् २०११ मा उक्त समितिले नेपाललाई वैवाहिक समानता, परिवार संरक्षण अवलम्बन गर्न तथा मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिताबाट भेदभावपूर्ण प्रावधानहरू हटाउन सिफारिस गऱ्यो । सन् २०१६ मा, राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई समलिङ्गी विवाहको अनुमति दिने विधेयक ल्याउन आग्रह गऱ्यो । जसपश्चात महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय) ले यस विषयमा मस्यौदा विधेयक तयार पार्ने उद्देश्यले एउटा उच्च स्तरीय विज्ञ समिति गठन गऱ्यो । समलिङ्गी विवाह सम्बन्धी प्रतिवेदन हाल महिला,

बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा विचारधीन अवस्थामा छ र हालसम्म कुनै प्रगती भएको छैन (यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मानव अधिकार अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन, २०७७) ।

सदियौँदेखि यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायले तेस्रोलिङ्गी, छक्का, हिजडा, नपुंसक जस्ता शब्दद्वारा अपमान, दुर्व्यवहार, अपहेलना, तिरस्कार, यौन तथा घरेलु हिंसाले चरमबिन्दु नाघे पनि चुपचाप तिरस्कारको विष पिइरहे । वर्षौं आफ्ना पिडा व्यक्त गर्न नसकेरै मृत्युवरण गरिरहेका छन् । तिनको रुवाइ अहिले पनि नेपाली समाजमा गुन्जिरहेकै छन् । त्यसको क्षतिपूर्ति कसले दिने ?

## २.३ अवधारणागत योजना

नौलो बिहानी पोखरामा आवद्ध तेस्रोलिङ्गी व्यक्तिहरूको वैवाहिक तथा सन्तानप्रतिको धारणाबारे अध्ययन गर्दा आफू बसिरहेको समाज, त्यहाँको सामाजिक, साँस्कृतिक अवस्था र विवाहको दिर्घकालिनताले पनि प्रत्यक्ष प्रभाव पारेको हुन्छ । तेस्रोलिङ्गी व्यक्तिहरूको विवाहमा यसको दिर्घकालीनता एकदमै महत्वपूर्ण पक्ष हुन आउँछ । तर विवाह गर्ने र नगर्ने व्यक्तिको इच्छामा भर पर्ने भएकाले विवाहको दिर्घकालीनता र सामाजिक, साँस्कृतिक अवस्था र व्यक्त बसिरहेको समाज स्वतन्त्र चर (Independent Variable) हुन् । त्यस्तै मनोसामाजिक सुरक्षा र आर्थिक अवस्था आश्रीत चरहरू (Dependent Variable) हुन् । व्यक्तिले विवाह पछि मानसिक र सामाजिक सुरक्षित महशुस गरेको हुन्छ । अर्कोतर्फ आर्थिक अवस्थाले वैवाहिक जीवनलाई सहज रूपमा अगाडी बढाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तेस्रोलिङ्गी विवाह र मनोसामाजिक सुरक्षा तथा आर्थिक अवस्था र तेस्रोलिङ्गी विवाह दुवै एक अर्कासँग अन्तरसम्बन्धित रहेका छन् । यस अवधारणालाई चित्रद्वारा यसरी देखाउन सकिन्छ ।



# अध्याय तीन

# अनुसन्धान विधि

प्रस्तुत अनुसन्धामन विधिमा अनुसन्धानको क्रममा प्रयोग गरिएका पद्धतीहरूको उल्लेख गरिएको छ । अनुसन्धानको क्रममा संख्यात्मक र गुणात्मक तथ्याङ्क तथा सूचना संकलन गर्न विभिन्न विधिहरू अपनाइएका छन् । यो अध्यायमा सोधपत्रको लागि अध्ययनको क्षेत्र छनोटको औचित्य, तथ्याङ्क प्रकृति र स्रोतहरू, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरणलाई प्रस्तुत गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ८ स्थित "नौलो बिहानी पोखरा" फेवासिटी मार्ग, नागढुङ्गामा अवस्थित छ । जुन संस्थाको संरक्षणमा सार्वजनिक भएका ४१ जना तेस्रोलिङ्गी व्यक्तिहरूको विवाह तथा सन्तानप्रतिको धारणा अध्ययन गर्न खोजिएको हो । प्रस्तुत अध्ययनको उद्देश्य भनेको तेस्रोलिङ्गी तथा समलिङ्गी विवाहको वैवाहिक सम्बन्धमा अध्ययन गर्नु रहेको छ । यी व्यक्तिहरूको विवाहको दिर्घकालीन कस्तो हुन्छ ? यी व्यक्तिहरूको सन्तानप्रतिको धारणा कस्तो छ ? यी व्यक्तिहरूको विवाह दिर्घकालीन होला कि नहाला ? यसका लागि अनुसन्धानकर्ता प्रत्येक व्यक्तिहरूको दैलोदैलोमा पुग्न सम्भव पनि हुँदैन र उनीहरू समाजमा समान्य व्यक्तिहरूले जसरी खुल्दा पनि खुल्दैनन् । यी व्यक्तिहरू अध्ययनको लक्ष्य हासिल गर्नको लागि लक्षित समूह पनि हुन् । यिनीहरू नौलो बिहानी पोखरामा आवद्ध पनि भएकाले यस संस्थालाई अध्ययनको क्षेत्रको रूपमा छनौट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अध्ययनको सार भन्नु नै तेस्रोलिङ्गी व्यक्तिहरूको विवाह तथा सन्तानप्रतिको धारणाको नालीबेली खोतल्नु हो । समाजले तेस्रोलिङ्गी विवाहलाई कसरी हेर्दा ? तेस्रोलिङ्गी व्यक्तिहरूको विवाहको दिर्घकालीनता कस्तो छुन्छ ? तेस्रोलिङ्गी व्यक्तिहरूले सन्तान प्रतिको कस्तो धारणा अभिव्यक्त गर्दछन् भन्ने मूल जानकारी हासिल गर्नु यस अध्ययनको चासो भएकोले संख्यात्मक तथ्याङ्कबाट गुणात्मक तथ्याङ्क लिइएको छ । यो अध्ययन अन्वेषणात्मक

एवम विवरणात्मक ढाँचामा आधारित रहेको छ । यस अध्ययनले तेस्रोलिङ्गी व्यक्तिहरूको वैवाहिक सम्बन्धमा अध्ययन गर्नलाई अन्वेषण तथा विवाहको दर्घिकालीन र सन्तान सम्बन्धीको धारणालाई विवरणात्मक रूपमा प्रस्तुत गर्न खालको छ ।

## ३.३ अध्ययनको समग्र तथा नमूना छनोट

तेस्रोलिङ्गी व्यक्तिहरू आफ्नो फरक यौन व्यवहारकै कारण हामी भन्दा पृथक भएका हुन् तर शारीरिक रूपमा हामी जस्तै हुन् । तेस्रोलिङ्गी समुदाय नेपालमा छ तर हाम्रो सामाजिक परिवेश, शिक्षा, चेतना, संकिर्ण सामाजिक दृष्टिकोण वा लोकलाजका कारण यो समुदायका व्यक्तिहरू सार्वजनिक हुन डराइरहेका छन् । जति सार्वजनिक भएका छन् ती संख्या अनुमान गरिए भन्दा एकदमै कम छन् ।

नौलो बिहानी पोखरा तथा निलहिरा समाजमा आवद्ध भएका ४१ जना तेस्रोलिङ्गी व्यक्तिहरू नै यस शोधको समग्र हो ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोतहरू

प्रस्तुत शोधपत्रको उद्देश्य हासिल गर्नको लागि मूलत : दुई प्रकारका स्रोतहरूमा निर्भर रहेको छ । तेस्रोलिङ्गी तथा समलिङ्गीहरूको बारेमा जानकारी दिने विभिन्न पुस्तक, पत्रिका, लेख रचनाहरू जर्नल एवम् निजी जनत, संविधान तथा मौजुदा कानुनहरूबाट द्वितीय स्रोतबाट लिइएको छ भने अन्य प्राथमिक जानकारीहरू यी जोडीहरूबाट नै लिइएको छ । यसैगरी प्रस्तुत शोधपत्र मूलत : अन्वेषणात्मक र विवरणात्मक ढाँचामा भएकोले प्राय तथ्याङ्कहरू गुणात्मक र केही मात्रात्मक खालका तथ्याङ्कहरूको समेत समावेश गरिएको छ । यनी दुवै तथ्याङ्कहरू आवश्यक रूपमा प्रयोग भएका छन् ।

## ३.५ तथ्याङ्क संङ्लन विधि

प्रस्तुत शोधपत्र विशेषत : प्राथमिक तथ्याङ्कको प्रयोग गरी तयार गरिएको अध्ययन हो । त्यसैले तथ्याङ्क संकलनको क्रममा निम्नानुसारको विधि प्रयोग भएका छन् ।

क) **वैयक्तिक अधययन :** कतिपय अवस्थामा बृहत अध्ययनबाट तेस्रोलिङ्गी व्यक्तिहरूको वास्तविकता पत्ता लगाउन सम्भव हुँदैन । यसको लागि गहन अध्ययनको जरुरी हुने गर्दछ । वैयक्तिक अध्ययनबाट व्यक्तिको सम्पूर्ण पक्षको अध्ययन गर्न सकिन्छ ।

**ख)** **अनौपचारिक अर्न्तवार्ता** : अनुसन्धानकर्ता स्वयम तेस्रोलिङ्गी व्यक्तिहरूसँग बसी थप जानकारीहरू प्राप्त गर्नको लागि यो विधि प्रयोग गरिएको छ । यस अध्ययनलाई मूर्त रूप दिनको लागि सहयोगी विधिको रूपमा यसको प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण

यस अध्ययनको उद्देश्य हासिल गर्नको लागि माथिका विभिन्न विधिहरूद्वारा प्राप्त गरिएको तथ्याङ्कहरूलाई विवरणात्मक रूपले व्याख्या र विश्लेषण गरिएको छ । अध्ययनबाट प्राप्त भएका जानकारीहरूलाई विभिन्न प्रयार गरिएको छ । यसैगरी प्राप्त कतिपय तथ्याङ्कको विश्लेषण प्रतिशत जस्तो तथ्याङ्कशास्त्रीय विधि प्रयोग गरिएको छ ।

# अध्याय चार

# तेस्रोलिङ्गी व्यक्तिहरूको जनसांख्यिक सामाजिक तथ्याङ्क

तेस्रोलिङ्गी तथा समलिङ्गी जोडीहरूको समानान्तर तथा विभेदीकरणगत रूपमा विभिन्न पक्षहरूमा अध्ययन तथा अनुसन्धान गर्न सकिन्छ । जन अनुरूप यहाँ उमेर समूह, जातियता, धार्मिक अवस्था, शैक्षिक अवस्था, पेशा, वैवाहिक अवस्थाको सुक्ष्म तवरले व्याख्या गरिएको छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

## ४.१ तेस्रोलिङ्गी व्यक्तिहरूको उमेर समूह

यस अध्ययनमा समावेश भएका तेस्रोलिङ्गी तथा समलिङ्गी जोडीहरू विभिन्न उमेर समूहमा रहेका छन् । उनीहरूको उमेर समूह २० देखि ३५ वर्षदेखि माथिसम्म रहेको छ । त्यसैगरी उनीहरूको उमेर समूहलाई २०-२४, २५-२९, ३०-३४, ३५ वर्ष देखि माथि सम्ममा विभाजन गरिएको छ । जुन निम्नानुसारको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.१ : तेस्रोलिङ्गी व्यक्तिहरूको उमेर समूहको विवरण**

| वैवाहिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| २०-२४ वर्ष सम्मका | ९ | २१.९५ |
| २५-२९ वर्ष सम्मका | १८ | ४३.९० |
| ३०-३४ वर्ष सम्मका | ६ | १४.६३ |
| ३५ वर्ष देखि माथिका | ७ | १७.०८ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ४.१ मा तेस्रोलिङ्गी तथा समलिङ्गी जोडीहरूको उमेर समूहलाई समूहगत रूपमा प्रस्तुत गरिएको छ । उक्त उमेर समूह अन्तर्गत क्रमश : २०-२४, २५-२९, ३०-३४, ३५ वर्ष देखि माथि रहेको छ भने उक्त समूहका व्यक्तिहरूको संख्या क्रमश : ९, १८, ६, ७ रहेको छ । उक्त सर्वेक्षणलाई अध्ययन गर्दा २५-२९ वर्षसम्मका जोडीहरूलाई अत्याधिक साथ सम्बन्ध, माया तथा जोडी चाहिने भएको हुँदा एवम् यस उमेरमा कमाउने तथा केही

गर्ने सोच आउने हुँदा यस्ता मानिसहरू क्रमश रूपमा सार्वजनिक रूपमा खुल्ने तेस्रोलिङ्गी व्यक्तिहरूको संख्या धेरै देखियो ।

## ४.२ तेस्रोलिङ्गी व्यक्तिहरूको जातिगत विवरण

नेपाल जातजातिले भरिपूर्ण देश हो । यहाँको जातियता सर्वेक्षण गर्दा जनगणना २०६८ अनुसार १५९ प्रकारका जातजातिहरू रहेको पाइयो भने प्रस्तुत अध्ययन अनुसार तेस्रोलिङ्गी तथा समलिङ्गी जोडीहरूको जातियता विवरणहरूमा ब्राह्मण, क्षेत्री, जनजाति, दलित रहेको देखिन्छ । जसलाई तालिका ६.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : तेस्रोलिङ्गी व्यक्तिहरूको जातिगत विवरण**

| जातियता | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | १२ | २९.२७ |
| क्षेत्री | १३ | ३१.७० |
| जनजाति | ७ | १७.०८ |
| दलित | ९ | २१.९५ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ४.२ मा प्रस्तुत भए अनुसार ब्राह्मण १२ जना (२९.२७ प्रतिशत), क्षेत्री १३ जना (३१.७० प्रतिशत), जनजाति ७ जना (१७.०८ प्रतिशत) र दलित ९ जना (२१.९५ प्रतिशत) रहेको पाइयो । जसमध्ये तुलनात्मक रूपमा क्षेत्रीको संख्या अत्याधिक रूपमा पाइयो ।

## ४.३ तेस्रोलिङ्गी व्यक्तिहरूको धार्मिक अवस्था

नेपाल हिन्दू धर्मालम्बीहरूको बाहुल्यता भएको देश भए पनि संविधानतः धर्म निरपेक्ष देश हो । यहाँ विभिन्न धर्म मान्ने मानिसहरू बसोबास गर्ने गर्दछन् । यस अध्ययन अनुसार तेस्रोलिङ्गी तथा समलिङ्गी जोडीहरूको धार्मिक आस्थालाई स्थलगत अध्ययन गर्दा निम्न धर्म अवलम्बन गरेको पाइयो ।

**तालिका ४.३ : तेस्रोलिङ्गी व्यक्तिहरूको धार्मिक अवस्थाको विवरण**

| **जातियता** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| हिन्दू | २२ | ५३.६६ |
| बौद्ध | ८ | १९.५१ |
| इसाई | ११ | १६.८३ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ४.३ मा प्रस्तुत भए अनुसार हिन्दु धर्मालम्बीहरू २२ जना (५३.६६ प्रतिशत), बौद्ध धर्म मान्ने ८ जना (१९.५१ प्रतिशत), र इसाई धर्म मान्ने ११ जना (१६.८३ प्रतिशत) रहेको छ । यस्तो हुनुमा नेपाल हिन्दू धर्मालम्बीहरूको संख्या झण्डै ८० प्रतिशतको हाराहारीमा रहेको कारणले हिन्दू धर्म मान्नेहरूको संख्या बढी भएको हुन सक्छ ।

धर्ममा विविधता भएपनि त्यस स्थानमा धार्मिक सहिष्णुता भएको पाइयो । हिन्दू धर्मालम्बीको दशैँ, तिज, तिहार, रक्षाबन्धनमा बौद्ध इसाई मिलेर सँगै भोजभतेर, घुमफिर गर्ने देखियो । त्यस्तै क्रिसमसमा पनि सबै जना भेला भएर शुभकामना आदानप्रदान गरेर कोसेली साटफेर गर्ने चलन देखियो । जसले प्रकार्यात्मक सम्बन्ध झनै गाढा बसेको देखियो ।

## ४.४ तेस्रोलिङ्गी व्यक्तिहरूको शैक्षिक अवस्था

शिक्षा व्यक्तिको जीवन मार्गदर्शन गर्ने महत्वपूर्ण पक्ष हो । शिक्षाले मानिसको दिमागमा ज्ञान, वुद्धि विवेकको प्रभाव गर्दछ । मूलकको समग्र विकासमा योगदान गर्न सक्ने शिक्षाको भूमिका अतुलनीय रहे तापनि पछिल्लो अनौपचारिक सर्वेक्षण ८० प्रतिशत साक्षर मूलकको रूपमा नेपाललाई दर्ज गराएको छ । यसरी हेर्दा अझैपनि २० प्रतिशत जनसंख्या शिक्षाको उज्यालो घाम बञ्चित रहेको देखिन्छ । यसका बाबजुद यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको शैक्षिक अवस्था एकदमै दयनीय भएतापनि प्रस्तुत अध्ययनमा तेस्रोलिङ्गी तथा समलिङ्गी जोडीहरूको शैक्षिक अवस्था आशातीत रहेको देखिन्छ । जसलाई तालिकामा यसरी प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : तेस्रोलिङ्गी व्यक्तिहरूको शैक्षिक अवस्थाको विवरण**

| **शैक्षिक योग्यता** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| अन्डर एस.एल.सी. | १३ | ३१.७० |
| एस.एल.सी. | १४ | ३४.१४ |
| प्रमाण पत्र तह | १० | २४.४० |
| स्नातक | ४ | ९.७६ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ४.४ अनुसार तेस्रोलिङ्गी व्यक्तिहरूको शैक्षिक अवस्था राम्रो देखिन्छ । जसमध्ये अन्डर एस.एल.सी. १३ जना (३१.७० प्रतिशत), एस.एल.सी. १४ जना (३४.१४ प्रतिशत), प्रमाणपत्र तह १० जना (२४.४० प्रतिशत) र स्नातक तह ४ जना (९.७६ प्रतिशत) रहेको पाइयो । जस आंकडालाई मध्येनजर गर्दा तेस्रोलिङ्गी व्यक्तिहरू पनि तुलनात्मक रूपमा शिक्षित व्यक्तिहरूको रूपमा रहेको देखिन्छ ।

## ४.५ तेस्रोलिङ्गी व्यक्तिहरूको रोजगारीको अवस्था

जीविकोपार्जनको लागि आर्थिक पक्ष मजबुत हुनु अनिवार्य हुन्छ । बढ्दो महंगी, बेरोजगारीले गर्दा मानिसहरूको जीविकोपार्जनमा कठिनाई भोग्नुपर्ने बाध्य छ । समाजमा यौनिक तथा अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई अझै पनि रोजगारी दिन अप्ठ्यारो मान्दछन् । त्यसले गर्दा आर्थिक अभावका कारण जीवन ज्यादै दयनीय बन्दै गइरहेको देखिन्छ । यद्यपी यस अध्ययन समावेश जोडीहरूको आर्थिक अवस्था सन्तोषजनक रहेको देखिन्छ । जुन तथ्यलाई तालिका यसरी प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ : तेस्रोलिङ्गी व्यक्तिहरूको रोजगारीको अवस्थाको विवरण**

| **रोजगारीको अवस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| व्यवसाय | ८ | १९.५१ |
| जागिर | १० | २४.३९ |
| बेरोजगार | १६ | ३९.०२ |
| अन्य | ७ | १७.०८ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ४.५ मा प्रस्तुत तेस्रोलिङ्गी व्यक्तिहरूको रोजगारी अवस्थालाई अध्ययन गर्दा कुल उत्तरदरता मध्ये व्यवसाय गर्ने ८ जना (१९.५१ प्रतिशत) रहेका छन् । जीविकोपार्जनको लागि रोजगारीमा आवद्ध रहनेको संख्या १० जना (२४.३९ प्रतिशत) रहेको पाइयो साथै सबैभन्दा धेरै १६ जना (३९.०२ प्रतिशत) बेरोजगार रहेका छन् भने ७ जना (१७.०८ प्रतिशत) ले अन्य समय सापेक्ष रूपमा मात्र रोजगार वा व्यवसायमा आवद्ध रहने गरेको पाइयो ।

# अध्याय पाँच

# तेस्रोलिङ्गी विवाहको मान्यतामा परिवर्तन ल्याउने पक्षहरू

## ५.१ आर्थिक पक्ष

अर्थव्यवस्था वा आर्थिक पक्षले मानिसको सामाजिक साँस्कृतिक धारणामा परिवर्तन ल्याउछ । प्रत्येक सामाजिक क्रियाको केन्द्रबिन्दु आर्थिक पक्षलाई संकेत गरेका छन् । समाजको आर्थिक स्वरूप वा धरातलकै आधारमा त्यसभित्र विकास भएको सम्बन्धले सामाजिक व्यवहार, मान्यता, क्रियाकलाप र दृष्टिकोण सहितको सामाजिक साँस्कृतिक व्यवस्थाको विकास हुन्छ भनेका छन् (Karl Marx, 1867)।

तेस्रोलिङ्गी तथा समलिङ्गी विवाह सम्बन्धी समाजको धारणालाई आर्थिक पक्षले पनि एकदमै प्रभाव पारेको हुन्छ । समाज विकासको प्रारम्भिक चरणमा आर्थिक स्तरिकरणमा यात छँदै थिएन यात नाम मात्रको थियो । यो क्रम कृषि समाजमा आइपुग्दा अरु बढी विकास भयो, सामन्ती उत्पादन प्रणालीको विकाससँगै समाजमा मालिक वा भूमिपती वर्ग र दास वर्गको उदय र विकास भयो । सामान्तहरूले असिमित जग्गा आफ्नो कब्जामा राख्ने गर्दथे भने दासहरूको उत्पादन प्रणालीमा कुनै अधिकार र पहुँच थिएन । यसैगरी जब सामान्तवादी उत्पादन व्यवस्था पूँजीवादी उत्पादन व्यवस्थामा रूपान्तरण भयो र व्यक्तिगत सम्पत्तिको प्रचलन व्यापक बन्यो तबदेखि नै आर्थिक आधारमा वर्ग विकास हुन थाले । उपल्लो वर्गको प्रत्येक पक्षमा जस्तो शिक्षा, स्वास्थ्य, रोजगार, उत्पादन, प्राकृतिक स्रोत र साधन माथि पहुँच बढ्दै गयो भने तल्ला वर्गहरू त्यस्ता अवसर र सुविधाहरूबाट क्रमश ओझेल पर्दै गए । द्वन्द्ववादी सिद्धान्त अनुसार समाजमा यही आर्थिक असमानताको कारण नै द्वन्द्व सिर्जना भयो र यसबाट सामाजिक ढाँचा, व्यवहार, सम्बन्धमा नै परिवर्तन आउन थाल्यो ।

जब मानिस आर्थिक रूपले सम्पन्न हुन्छ, तब उसको शिक्षा, स्वास्थ्य, सञ्चार, पोषण लगायत आवश्यक सबै क्षेत्रमा विकास र बिस्तार हुन्छ । यस अवस्थाले समाजलाई हेर्ने वैज्ञानिक दृष्टिकोण र मान्यताको विकास गराउन सहयोग गराउँदछ । समाजका कुरित, कुसंस्कार, नकारात्मक चिन्तन आदिलाई हटाउन प्रेरित गर्दछ । व्यक्तिको आर्थिक अवस्था

मजबुत छ भने उसले समाजमा नयाँ मान्यता, संस्कार, व्यवस्था र व्यवहारलाई प्रतिस्थापन गर्न लागि पर्दछ । यसले गर्दा समाजमा सामाजिक, रानीतिक, साँस्कृतिक परिवर्तनहरू हुने गर्दछन् ।

आर्थिक रूपमा विपन्न समुदाय सधै आफ्नै जीवन गुजाराको धन्दामा लाग्नु र जीवनका अत्यावश्यक क्षेत्रमा पनि कम पहुँच पुऱ्याउन नसक्ने भएका कारण न त परिवर्तनका लागि एकजुट हुन सक्छन् न त परिवर्तनलाई नै सकारात्मक रूपले ग्रहण गर्न सक्छन् । यसरी आर्थिक पक्षले सामाजिक साँस्कृतिक धारणा परिवर्तन गराउन भूमिका निर्वाह गर्दछ । हाम्रो सामाजिक व्यवस्थाको आधारशिला नै आर्थिक पक्षमा अडिएकोले सामाजिक साँस्कृतिक मूल्य र मान्यताको परिवर्तनमा आर्थिक पक्षलाई निकै महत्वपूर्ण कारक तत्वका रूपमा लिन सकिन्छ ।

## ५.२ राजनितिक पक्ष

विश्व भू-मण्डलीकरणको यो जमनामा मान्छेको विचारहरू कुनै लक्ष्मण रेखाले छेकिदैन । प्रत्यके सेकेण्ड सेकेण्डमा संसारका हरेक कुनामा मान्छेका विचारहरूले पहुँच राख्दछ । विचारको गति प्रकाशको गति भन्दा छिटो दौडिरहेको वर्तमान समयमा समलिङ्गी तथा तेस्रोलिङ्गी विवाहलाई हेर्ने सन्दर्भमा आम मानिसको वैचारिक धारणामा निकै ठूलो परिवर्तन आइरहेको देखिन्छ । जस्तो महिला र पुरुष, उपल्ला र तल्ला जाति, पश्चिमी समाजमा काला र गोरा जाति यी सबै सामाजिक र मनोगत भावनाले सामाजिक व्यवहारमा प्रभाव पारेको हुन्छ । वैचारिक विश्लेषणका कारणले नै पितृसत्तात्मक व्यवस्थामा महिलाहरू लामो कालखण्डसम्म दविन पुगे । महिलाहर आफैमा महिला पुरुषहरू सरह हुन सक्दैनन् भन्ने विचारले जरा गाडिरह्यो भने पुरुषहरूमा उच्चताको भावना विकास भयो । यस्तै पुरुषहरू सधैं बहादुरी र उच्च प्रकृतिका काम गर्न सक्छन्, उनीहरूमा बढी क्षमता र आत्मबल भएका हुन्छनु भन्ने सामाजिक मान्यताले लैङ्गिक विभेदलाई मलजल गर्दै लग्यो । कालन्तारमा यस्ता भावनाबाट स्वयम महिला ग्रसित हुन पुगे । जसको फलस्वरूप महिला आन्दोलनको विजारोपण हुन पुग्यो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले सबै मानवको बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ । विश्वको हरेक देशमा महिला र पुरुष बीचको विभेद अन्त्य भएको छ । महिला र पुरुष भन्दा पनि मानव अधिकार र हकको प्रत्येक राष्ट्रले सम्मान

गर्दछ । महिला र पुरुषका लागि आधारभूत देखी अतिरिक्तसम्म समानता आएको छ । कानुनतः महिला र पुरुषमा अहिले खासै विभेद छैन । गुनासोहरू पनि आउने गरेका छैनन् । महिलाहरूले आफ्नो हक र अधिकार संविधानमा सुनिश्चित गराइसकेका छन् । यसो हुँदा हामीलाई लाग्न सक्छ की मानव अधिकार विवादको विषय सकियो तर होइन । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरू प्रति समाजमा अझैपनि लान्छाना र विभेद कायमै छ । पहिचानका सवालमा परिवार तथा समाजमा विभेदको जालो जकडिएको छ । सम्मानपूर्वक बाँच्ने अधिकार राज्यले नै कुण्ठित पारेको यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरू अझै गुनासो गरिरहेका छन् । अरु मानव सरह तेस्रोलिङ्गी तथा समलिङ्गीहरूलाई रोजगार, आरक्षण, शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षाको ग्यारेन्टी गरिनुपर्ने मागहरू पुरा भएका छैनन् ।

नेपालको इतिहासलाई फर्केर हेर्दा महिलाहरूको आफ्नो अधिकारको लागि निकै संघर्ष गरेका छन् । नेपाल पुरुषप्रधान देश भएकोले पनि महिलालाई आवाज उठाउन निकै कठिन भएको थियो । तर पनि महिला र अहिलेको समाजमा महिलालाई सामाजिक र कानुनी रूपमा पनि निकै सहज हुँदै आएको छ । घरको चार पर्खालबाट बाहिर आएर अहिले देशको प्रतिनिधित्व गरेका छन् (Timothy, 2012)।

राजनिति भनेको देशको मूल निति हो र यसका निश्चित कार्यदिशा र मापदण्ड बमोजिम बनेको संविधान र कानुन अनुसार राज्य संचालन गरिन्छ । राजनिति एउटा यस्तो क्षेत्र हो जहाँ हरेक समुदाय, क्षेत्र, लिङ्गका मुद्दाहरूलाई सशक्त आवाज प्रदान गर्दछ । समाज परिवर्तनको कुनै पनि मुद्दाद्वारा समाजलाई जागरुक बनाउने र त्यो मुद्दालाई संस्थागत बनाउने माध्यम नै राजनिति हो । राजनिति समाजमा पछाडी पारिएका, हेपिएका, आवाज नभएका, सिमान्तकृत समुदायको समस्याहरूलाई राज्यको ध्यानाकर्षण गराउने एउटा मञ्च पनि हो ।

मुलुक संघीय संरचनामा गए पनि केन्द्रदेखी स्थानीय तहसम्मको नीति तथा कार्यक्रममा तेस्रो लिङ्गीहरूको अधिकारबारे चर्चा समेत गरिएको छैन । समाजले त थिचोमिचो गऱ्यो, राज्य समेत यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई अन्य नागरिक समान व्यवहार गर्न सकिरहेको छैन । आज यो समुदाय बेलबखत शिक्षा, स्वास्थ्य तथा रोजगारमा समान अवसर प्रदान गरी समलिङ्गी तेस्रोलिङ्गीको विवाहलाई मान्यता दिनुपर्छ

भन्दै माइतीघर मण्डलामा आफ्ना मुद्दाहरू उठाइरहेका हुन्छन् र राज्यले उनीहरूका कतिपय मुद्दाहरूलाई संबोधन पनि गरेको छ । यो राजनितिले गर्ने सकारात्मक परवर्तन हो ।

## ५.३ कानुनी पक्ष

संविधान देशको मूल कानुन हो । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई सम्बोधन हुने गरी संविधानको प्रस्तावनामै लैङ्गिक विभेदलाई अन्त्य गर्ने कुरा राखिएको छ । यसबाट के प्रष्ट हुन्छ भने राज्यले यौनिक तथा लैङ्गिक अल्पसंख्यक (एलजिबिटिआई) समुदायलाई स्वीकार गरेको देखिन्छ । वि.सं. २०७० सालमा सर्वोच्च अदालतले यौनिक तथा लैङ्गिक अल्पसंख्यक (एलजिबिटिआई) समुदायको विषयमा ऐतिहासिक फैसला गऱ्यो । सार्वजनिक फैसलाको पूर्ण पाठले यौनिक तथा लैङ्गिक अल्पसंख्यक (एलजिबिटिआई) लाई नागरिकता, शैक्षिक प्रमाणपत्र सहित सबै कागज पहिचान अनुसार लिने व्यवस्था गरेको छ (निलहिरा समाजको अभिलेख) ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकारका अभियान्ता तथा पूर्व संविधानसभा सदस्य सुनिलबाबु पन्त, नीलहीरा समाजकी अध्यक्ष पिंकी गुरुङ र तेस्रोलिङ्गी अधिकारकर्मी आनिक रानाले प्रधानमन्त्री कार्यालय, गृहमन्त्रालय र देशै भरिका सिडियोहरूलाई विपक्षी बनाएर २०७० सालमा संयुक्त रूपमा दायर गरेको रिटमा फैसला गर्दै सर्वोच्च अदालतले यो समुदायका लागि निकै महत्वपूर्ण फैसला गरेको थियो (निलहिरा समाजको अभिलेख)

समलिङ्गी र तेस्रोलिङ्गीलाई पहिले लिएको नागरिकतामा रहेको नाम र लिङ्ग परिवर्तनको अधिकार दिएको जानकारी गराएको थियो । सर्वोच्चको फैसलाले समलिङ्गी, तेस्रोलिङ्गीलाई पहिले लिएको नागरिकता परिवर्तन गरी आफुले चाहेको नाम र लैङ्गिक पहिचान सहित नागरिकता लिने व्यवस्था गरिएको थियो । त्यसपछि समलिङ्गी, तेस्रोलिङ्गीलाई दिएको नागरिकताको रेकर्ड राख्न पनि गृहमन्त्रालय र मातहत जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिएको थियो ।

नयाँ संविधान २०७२ मा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई निम्न धाराहरू अन्तर्गत भेदभाव, हिंसा तथा दुर्व्यवहारबाट संरक्षण गरिएको छ ।

- धारा १२ ले सबै जनाले लैङ्गिक पहिचान सहितको नागरिकताको प्रमाणपत्र पाउने कुरा उल्लेख गरेको छ ।
- धारा १८ ले समानताको हकलाई सम्बोधन गरेको छ र 'राज्यले नागरिकहरूका बीच मूल, धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन' भन्ने उल्लेख गरेको छ ।
- धारा १८ मा संविधान यौनिक तथा लैङ्गिक अल्पसंख्यक मानिसहरूलाई पिछडिएका समूहहरूमा सूचीकृत गरेको छ जसले विशेषगरी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक मानिसहरूका लागि कानुन बनाउने बाटो खोलिदिएको छ ।
- धारा १८ ले साविकका 'पुरुष र महिला' तथा 'छोरा वा छोरी' शब्दावलीको ठाउँमा लैङ्गिक तटस्थ शब्दावली प्रयोग गरेको छ ।
- धारा ४२ ले 'समावेशी सिद्धान्त' का आधारमा राज्यको संयन्त्रमा सहभागीताको हक हुने समूहहरूमा 'यौनिक तथा लैङ्गिक' अल्पसंख्यकहरूलाई सूचीकृत गरेको छ ।

त्यसैगरी मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी फौजदारी अपराध संहितामा, २०७४ मा पनि निम्न दफाहरूमा यो समुदायको हक तथा अधिकारलाई लिपिवद्ध गरिएको छ ।

## ५.४ सामाजिक तथा साँस्कृतिक पक्ष

मानव जगतको विगतलाई हेर्ने हो भने यो परवर्तनशील नियममा आधारित छ । प्राचिनकालको समाज समयान्तरालका परिवर्तन हुँदै आउँदा हाम्रो सामाजिक जीवनका हरेक पक्षमा परिष्कार तथा परिवर्तनहरू हुँदै आएको पाइन्छ । यो लामो समाज विकासको क्रममा कयौँ संस्थाहरू, प्रचलनहरू, नियम, कानुनहरू, कार्यप्रणालीहरू, व्यवहार तथा अन्तर सम्बन्धहरूको विकास हुँदै, परिवर्तन र परिष्कृत हुँदै समाज अगाडी बढेको पाइन्छ । यस दौरानमा समाज सरलबाट जटिल, एकरूपताबाट बहुरूप, एलक प्रयोगबाट प्रयोगमा छनोट, साधारण प्रविधिबाट उच्चस्तरीय प्रविधिको प्रयोग गर्न सक्ने हैसियतमा वृद्धि भयो । बेलाबखत देखिएका वैचारिक तथा सामाजिक मूल्य माथिको फरकपन र त्यसबाट सिर्जित अवस्थाबाट पनि सामाजिक परिवर्तन भएका छन् (Tan Yong, 1980)।

नेपाली पारस्परिक हिन्दू कानुनी विधिशास्त्रको परिवेशलाई विचार गर्ने हो भने हामी एकदमै नयाँ मोडमा पुग्दैछौँ । हामी जुन सामाजिक संरचनामा हुर्किएका छौँ, हाम्रो जुन

प्रकारको सामाजिक संरचना छ यसलाई तेस्रोलिङ्गी तथा समलिङ्गी विवाहले धेरै जटिल बनाइदिएको छ ।

जस्तो कुनै बेला समाजबाटै दासप्रथाको सुरुवात गरियो भने त्यसको अन्त्य पनि गरियो । आज विश्वमा नै समलिङ्गी तथा तस्रोलिङ्गी विवाहको सम्बन्धमा एउटा उभार नै आएको छ । विश्वका ३० वटा देशले यस्ता विवाहलाई मान्यता दिईसकेका छन् भने कयौँ देश दिने तरखरमा छन् । जसले गर्दा समाजको परिवर्तनलाई बढी लचिलो र छिटो गराएको छ । यसले गर्दा मानिसको पद तथा भूमिकामा अप्रत्यासित परिवर्तन आएको छ ।

सामाजिक तथा साँस्कृतिक मूल्य र मान्यतामा नयाँ प्रक्रिया तथा मान्यताहरू स्थापित भएका छन् । यो प्रक्रिया समाज विकासको सार्वभौम पद्धती अनुरूप भएका छन् । यिनै प्रक्रियाका बाबजुद समाजमा अनेकौँ अन्तरविरोधहरूको सिर्जना हुने गर्दछ । अनेकौँ कला, प्रविधि, दर्शन, ज्ञान र विचारको जन्म हुन्छ । अनेकौँ संस्था, संगठन, नियम कानुन र मान्यताहरूको विकास हुन्छ । यहि बृहत प्रक्रियाबाट सामाजिक तथा साँस्कृतिक रूपान्तरणको प्रक्रिया पनि अगाडी बढेको हुन्छ मानिसको सिंगो जीवनपद्धतीको तरिका नै सँस्कृति हो । यसले मानिसको व्यवहारमा परिवर्तन ल्याउँछ ।

समलिङ्गी तथा तेस्रोलिङ्गी विवाह हाम्रो धार्मिक तथा साँस्कृतिक मूल्य मान्यताको जगमा उभिएको छैन । हाम्रो सामाजिक तथा साँस्कृतिक मूल्य र मान्यताको विपरित भए पनि यो विवाहको समाजमा अस्तित्व छ । वर्तमान समयमा महिला र पुरुषका समानताका सूचकहरूम उपलब्धि हुँदै गए पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यक (एलजिबिटिआई) समुदाय राज्यको मुलधारमा अझै पनि आउन सकिरहेका छैनन् । समानता, आधुनिकता जतिसुकै आओस, परिवार र समाज एउटा निश्चित मापदण्डले घेरिरहेकै हुन्छ, जहाँ अलगअलग सम्बन्ध र नाता अनुसारको सम्बोधन, सम्मान र शिष्टता हुन्छ (Prescher, 2007) ।

आज समलिङ्गी तथा तेस्रोलिङ्गी समाजे बिस्तारै स्वीकार गर्दै गएको देखिन्छ । देशको संविधानले नै यो समुदायको लैङ्गिक पहिचानलाई स्वीकार गरेको अवस्था छ । यो उपलब्धी वर्षौंदेखीको हेला, तिरस्कार, अपमान र विभेदको बदलामा गरिएको झिनो सम्बोधन मात्रै हो । हरेक मुद्दालाई नेपालमा राजनितिकरण गरिने भएकाले समलिङ्गी र तेस्रोलिङ्गीहरू अधिकारबाट वञ्चित भएको नौले बिहानी पोखराको संयोजक बिन्ध्या गौतमको भनाई छ ।

रेडियोमा सुनेर, टिभीमा हेरे, पत्रपत्रिकामा पढेर मात्र समलिङ्गी तथा तेस्रोलिङ्गीलाई मूल्याङ्कन गर्न नहुने उनको बुझाइ छ । प्रत्यक्ष भेट भएपछि उनीहरूको स्वभाव, उनीहरूको समस्या बुझिने उनी बताउँछिन् ।

## ५.५ मिडिया

आज दशौँ लाख नेपालीहरू रोजगारी, अध्ययन, घुमफिर लगायत विविध सन्दर्भमा संसारभर छरिएर रहेका छन् । यसले गर्दा उनीहरूमा पश्चिमी सभ्यताको प्रभाव पनि जबर्जस्त रूपमा बढ्दो छ भने अर्कोतिर उनीहरूका व्यक्तिगत चाहना र आवश्यकता पनि व्यापक रूपमा परिवर्तन भएका छन् । पछिल्लो समय प्रविधि र परिवर्तनका कारण नेपाली समाजका सदस्यहरूको पहुँच संसारका जुनसुकै कुनासम्म बिस्तार भएको छ ।

मिडिया समाजको ऐना पनि हो । समाजको चरित्र र स्वरूप अनुरूप मिडियामा त्यसको प्रतिरूप प्रतिबिम्बित हुन्छ । हाम्रो सामाजिक साँस्कृतिक धारणामा परवर्तन गराउने एउटा सशक्त माध्यम मिडिया पनि हो । आज विकास भएका पत्रपत्रिका, रेडियो, टेलिभिजन, इमेल, इन्टरनेट जस्ता सञ्चारका माध्यमले गर्ने सूचनाको सम्प्रेषणबाट समाजका विभिन्न पक्षहरूमा परिवर्तन ल्याएको छ । कुनै पनि समाजमा के के नयाँ कुराको विकास भयो वा कुन समाजमा के कस्ता सामाजिक साँस्कृतिक परिवर्तन भयो भन्ने बारेमा जानकारीको मुख्य स्रोत नै मिडिया हो ।

मिडिया भनेको विचारहरूको आदानप्रदान पनि हो । समाजमा घटेका नयाँ र ताजा घटनाहरू पस्किनका साथै समाजमा व्याप्त कुरिति, कुसंस्कार, पछाडी पारिएका समुदायका आवाज बुलन्द बनाउने काम पनि मिडियाले नै गरेको हुन्छ । अहिले सामाजिक संजालको लहर चलेको छ र हरेक व्यक्ति आफैमा सूचनाको स्रोत बन्न पुगेका छन् । त्यसकारण मिडिया कुनै पनि मुद्दाहरूमा जनमत निर्माण गर्ने सशक्त थलोको रूपमा स्थापित भएको छ ।

विश्व जगतका अनुभव र अभ्यासको बारेमा जानकारी गराउने माध्यम नै मिडिया हो । मिडियाले कुनै पनि समाजलाई आधुनिकीकरणको प्रक्रियामा अगाडी बढाउन मद्दत गर्दछ । मिडियाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समाजको परिवर्तनमा योगदान दिइरहेको हुन्छ । मिडियाले समाजमा समानता, सुशासन र न्यायका लागि सकारात्मक मार्गदर्शन गर्ने पथ प्रदर्शक पनि हो । मिडियाले समाजको पुन : निर्माणमा पनि सहयोग गर्दछ ।

मिडियाबाट प्रसारित विषयवस्तुले आम मानिस र सामाजिक जीवन र दृष्टिकोणमा प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ ।

वर्तमान समयमा मिडियाले कुनै पनि घटना, अन्वेषणहरूको क्षणभरमै विश्वव्यापी प्रसार गरिरहेको हुन्छ । यस्ता खालका सूचनाबाट मानिसका व्यवहार, सम्बन्ध, अन्तरक्रिया, पेशा, शिक्षा आदिमा परिवर्तन ल्याएको हुन्छ । मिडियाकै माध्यमबाट अहिले मानिसहरूले विश्वव्यापी अवसरमा पहुँच राख्दछन् । विश्वव्यापी राजनितिक परिवर्तन र घटनाका सम्बन्धमा मिडियाबाट नै जानकारी लिन सकिन्छ । कुनै पनि मिडियाबाट सम्प्रेषित हुने संगितका माध्यमबाट समाजलाई चेतना प्रदान गर्न सकिन्छ । कुनै पनि सिनेमाबाट आम मानिसहरूको परम्परागत धारणामा परिवर्तन गराई जागरुक बनाउन सकिन्छ । मिडियाकै माध्यमबाट संसारलाई प्रजातान्त्रिकरणको प्रक्रियामा लैजान्छ । पछिल्लो समय भएका अरब क्रान्ति, मिटु अभियान, विभिन्न सामाजिक आन्दोलनहरू मिडियाको जगमा स्थापित भएका उदाहरणहरू हुन् ।

## ५.६ आधुनिकीकरण

तेस्रोलिङ्गी तथा समलिङ्गी हाम्रो मान्यतामा परिवर्तन ल्याउने एउटा प्रमुख पक्ष आधुनिकीकरण पनि हो । आधुनिकीकरण त्यस्तो प्रक्रिया हो जसका माध्यमबाट समाज सरलबाट जटिल र परम्परागतबाट आधुनिकतातर्फ अग्रसर भएको हुन्छ । जसको फलस्वरूप सामाजिक सम्बन्ध, संगठन, संस्था आदिमा परिवर्तन मात्र आउँदैन बरु मानिसको सिंगो जीवनपद्धतीको तरिकामा, भाषा, साहित्य, कला, लवाईखवाईको तरिकामा परिवर्तन आउन पुग्छ । यसबाट पारिवारीक संरचनाका विवाह, नाता सम्बन्ध, सामाजिक लेनदेन, मातृत्व आदि अछुतो रहदैन । यसले वैकल्पिक (Alternative) अवस्थाको प्रयोगमा जोड दिन्छ (Ridinger, 1989)।

आधुनिकीकरणले आर्थिक विकास र क्रियाकलापमा नयाँ प्रविधि, सञ्चारका साधन, यातायात सुविधा आदि कारणले उत्पादनको स्तर उच्च तहमा पुग्दा समुदायका सबै वर्ग र तह त्यसबाट प्रभावित भई उनीहरूको सामाजिक ढाँचामा पनि परिवर्तन आउन सहयोग गर्दछ । नयाँ नयाँ विकास र मान्यताले मानिसको सोचाईमा नै परिवर्तन ल्याउन सक्छ । सोचाइमा आउने परिवर्तन सम्पूर्ण परिवर्तनको जग हो । द्वन्द्ववादी सिद्धान्त अनुसार समाजको यथास्थितिवादी चिन्तनलाई भत्काउन विद्रोह अनिवार्य शर्त हो । त्यो विद्रोहको

आधार भनेको मानिसको सोचमा परिवर्तन ल्याउनु हो । हाम्रो परम्परागत सोच, मूल्य र मान्यतामा समयानुकूल परिवर्तन ल्याउन आधुनिकीकरण एउटा सशक्त पक्ष हो ।

यस्तै आधुनिकीकरणले शिक्षामा व्यवसायिक र व्यवहारिक शिक्षाको मद्दतले मानिसले हरेक खालका चुनौतीको सामना गर्न सक्ने अवस्था सिर्जना गराउँछ । समाजका परम्परागत मूल्य र मान्यता, अन्धविश्वास, रुढीवादी चेतना र कुरितिहरूलाई हटाई समतामूलक र वैज्ञानिक समाजको निर्माण गर्न सहयोग गर्दछ । यसको अधार भनेको द्वन्द्ववादी सिद्धान्त बमोजिम हुने विभिन्न आन्दोलनहरू, भद्र अवज्ञा, द्वन्द्व आदिको परिणाम हो । नेपाली समाज र संस्कृतिमा पनि आधुनिकीकरणको जर्बजस्त प्रभाव परेको देखिन्छ । जसले गर्दा हाम्रो पुरातन सोच, मान्यता तथा विचारमा दिनप्रतिदिन परिवर्तन भइरहेको हुन्छ । समग्रमा भन्नुपर्दा आधुनिकीकरण तेस्रोलिङ्गी तथा समलिङ्गी विवाहप्रतिको आम धारणा परिवर्तन गर्ने एउटा सिर्जनात्मक पक्ष हो । जसले समलिङ्गी तथा तेस्रोलिङ्गी विवाहप्रतिको आम धारणा परिवर्तन गरी यो जोडिहरूको सामाजिक जीवनलाई सुनिश्चित, दिगो, सरल बनाउन सहयोग गर्दछ ।

# अध्याय छ

# तेस्रोलिङ्गी व्यक्तिहरूको विवाह तथा सन्तान सम्बन्धी धारणा

## ६.१ विवाह बन्धन होइन

विवाक बन्धन रहित हुनुपर्छ भन्ने मान्यता राख्छन् । विवाहले एकअर्काको भावना साटासाट गर्ने, माया, प्रेम, सद्भावको वृद्धि गर्ने हुनुपर्छ । विवाह बन्धन होइन । अहिलेको समयमा कसैलाई पनि जबरजस्ती बन्धनमा राख्न सकिदैन । सम्बन्धमा विश्वासमा अडेको हुनुपर्छ । विवाहले विश्वास खोज्ने हो । दुःखी भएर कसैसँग पनि बस्नुपर्छ भन्ने मान्यतामा यो समुदायका व्यक्तिहरू रहेका छैनन् । विवाह गरिसकेपछि यसलाई टिकाउनुपर्छ भन्ने हाम्रो पूर्वीय मान्यता हो । कतिपय मान्छेको विवाह सम्बन्ध जतिसुकै खराब भएपनि सामाजिक दायित्वले सम्बन्ध टिक्छ । यस्ता मान्छेहरू भन्छन्; यसलाई भत्काउनु हुँदैन । तर पछिल्लो समय त्यस्ता धारणामा परिवर्तन आउँदैछ । पश्चिमाहरू ठान्छन्; जीवन एक पटक पाइनछ । त्यसैले अनावश्यक सम्झौता गरेर सम्बन्धहरू किन टिकाउने ? पश्चिमाहरू सम्बन्धलाई जीवनको सुखसँग जोड्छन् । जनु सम्बन्धले सुख दिँदैन त्यसलाई तोडिदिनुपर्छ भन्ने उनीहरूको अभिमत हो ।

## ६.२ विवाह एउटा जीवनसाथी र अर्को जीवनसाथीको बीचमा हुनुपर्छ, एउटा लिङ्ग र अर्को लिङ्गको बीचमा होइन

प्रत्येक समय र समाजमा विवाहले दुई वटा पक्षलाई समेटेको हुन्छ । एउटा विपरित लिङ्गीहरूको सामाजिक स्वीकृति सम्बन्ध हो भने अर्को यसै सम्बन्धको जगमा वैधानिक रूपमा तिनीहरू यौन सम्बन्ध राख्न र बच्चा जन्माउन सक्ने सामाजिक स्वीकृति हो । तर विज्ञानले यो मान्यतालाई पुन : विचार गर्नुपर्ने अवस्थामा पुर्‍याएको छ । यो समुदायका व्यक्तिहरू समलिङ्गी सम्बन्धबाट पनि यौन सन्तुष्टी प्राप्त गरेको कुरा व्यक्त गर्दछन् । हेन्ड्रिक हर्ट्जवर्गका अनुसार- “विवाह एउटा जीवनसाथी र अर्को जीवनसाथीका बीचमा हुनुपर्दछ । एउटा लिङ्ग र अर्को लिङ्गका बीचमा होइन ।” वास्तवमा विवाहको मर्म भनेको नै एकअर्काको साथ, भरोसा, माया तथा सुःख दुःखको साथी नै हो । यी अनुभवहरू विपरित

लिङ्गीबाट मात्र प्राप्त हुन्छ भन्ने हुँदैन । तेस्रोलिङ्गी समुदायमा एउटै लिङ्गका व्यक्तिहरूले पनि एकअर्कालाई भरपुर माया, सुःख दुःखमा साथ, सहयोग र भरोसा दिइरहेकै हुन्छन् ।

## ६.३ सन्तान प्राप्तीको लागि विवाह अनिवार्य शर्त होइन

कतिपय समलिङ्गी महिलावादी (Lesbian Feminist) हरूले यौन (Sex) लाई पुरुषले व्यक्तिगत नमानी राजनितिक व्यवस्थाको दमन शक्ति र प्रभुत्वसँग जोडेर हेर्दछन् भनेका छन् । यसमा पुरुषको सर्वोच्चतालाई पितृसत्ताले स्वीकार गर्दछ तर समलिङ्गी महिलवादीहरूले यौन सम्बन्धमा वैकल्पिक व्यवस्थाको खोजी गर्दछ (Jagose, 2006) ।

आमूल नारीवादले बच्चा जन्माउने वैकल्पिक वैज्ञानिक प्रविधिको प्रयोगलाई जोड दिँदै परम्परादेखी रहदै आएका पारिवारीक स्वरूपलाई चुनौती पनि दिएका छन् । उनीहरूले लोग्ने मानिसको आवश्यकता परिपूर्ति गर्न समलिङ्गी विवाह (Homosex Relationship) पनि एउटा विकल्पको रूपमा अगाडी सारेका छन् । तसर्थ विज्ञानमा आएको अभुतपूर्व चमत्कारका कारण सन्तान प्राप्तीको विवाहको अनिवार्यतालाई चुनौती दिएको छ । सन्तानको चाहना भएमा विज्ञानले विकल्पहरू पनि अगाडी ल्याइदिएको छ । जस्तै ; टेस्ट्युब वेबी, सेरागेसी आमा आदि ।

### ६.३.१ तेस्रोलिङ्गी व्यक्तिहरूको सन्तानको रहर पुरा गर्न छनोटमा राखेका विकल्पहरू

हाम्रो पूर्वीय संस्कार अनुसार सन्तान दाम्पत्य जीवनको अनिवार्य शर्त हो । सन्तान वंशको वृद्धि तथा पुस्ता हस्तान्तरणको प्रक्रिया पनि हो तर जैविकीय रूपमा तेस्रोलिङ्गी तथा समलिङ्गी जोडीहरूबाट सामान्य दम्पत्तीहरूले जस्तै सन्तान उत्पादनको प्रक्रिया कल्पना गर्न सकिदैन । यद्यपी सन्तानको रहर यस्ता जोडीहरूलाई रहेको हुन्छ । सन्तानको रहर पुरा गर्न यी र यस्ता जोडीहरूले विभिन्न उपायहरू अवलम्बन गर्ने चाहना राखेका छन् । जसलाई तालिकामा यसरी देखाउन सकिन्छ ।

**तालिका ६.१ : तेस्रोलिङ्गी व्यक्तिहरूको सन्तानको रहर पुरा गर्न छनोटमा राखिएको विकल्पहरू**

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| धर्मपुत्र/पुत्री पालेर | १७ | ४१.४५ |
| अनाथहरूलाई पालेर | ९ | २१.९५ |
| टेस्ट्युब प्रविधि मार्फत | ५ | १२.२० |
| सेरागेसी मार्फत | - | - |
| सन्तानको रहर नभएको | १० | २४.४० |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

तालिका ६.१ अनुसार तेस्रोलिङ्गी व्यक्तिहरूको सन्तान सम्बन्धी धारणालाई अध्ययन गर्दा कुल उत्तरुदाता मध्ये १७ जना (४१.४५ प्रतिशत) ले सन्तानको रहर पुरा गर्न धर्मपुत्र/पुत्री पाल्ने चाहना व्यक्त गरेका छन्, त्यसैगरी अनाथहरूलाई पालेर ९ जना (२१.९५ प्रतिशत) ले दोस्रो विकल्प छनोट गरेका छन् । टेस्ट्युब प्रविधि मार्फत ५ जना (१२.२० प्रतिशत) व्यक्तिहरूले रोजेका छन् । यसमध्ये १० जना (२४.४० प्रतिशत) व्यक्तिहरूले सन्तानको चाहना नभएको पाइयो । अध्ययनको क्रममा गरिएको प्रश्नावली अनुसार सेरागेसी मार्फत सन्तानको रहर पुरा गर्ने चाहना कसैको नभएको विचार व्यक्त गरे ।

### ६.३.२ तेस्रोलिङ्गी व्यक्तिहरूको वैवाहिक अवस्था

अध्ययन क्षेत्रमा विवाहित भन्दा अविवाहित संख्या धेरै देखियो । यसको मुख्य कारणमा अविवाहित हुँदा धेरै स्वतन्त्रता हुने, विभिन्न समयमा आफुसँग जोडी हिड्ने भएकाले विवाहलाई आवश्यकता भन्दा मनोरञ्जनको रूपमा लिइयो । विवाह बन्धनमा बाँधिदा समान लिङ्ग विवाह भनेर नपचाउने धेरै बाधा बन्धकमा बस्नपर्ने भएकाले सबै अविवाहितले विवाह नगरेको खुलाए ।

**तालिका ६.२ : तेस्रोलिङ्गी व्यक्तिहरूको वैवाहिक अवस्था**

| **वैवाहिक अवस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| विवाहित | ११ | २६.८३ |
| अविवाहित | २६ | ६३.४१ |
| सम्बन्ध विच्छेद | ४ | ९.७६ |
| जम्मा | ४१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

प्रस्तुत तालिका ६.२ मा अध्ययन गर्दा तेस्रोलिङ्गी जोडीहरूको वैवाहिक अवस्थालाई तीन भागमा विभाजन गर्न सकिन्छ । जम्मा ४१ जना उत्तरदाताहरूमध्ये विवाहित ११ जना (२६.८३ प्रतिशत), अविवाहित २६ जना (६३.४१ प्रतिशत) र सम्बन्ध विच्छेद गर्ने ४ जना (९.७६ प्रतिशत) देखिन्छ । समग्र अध्ययनलाई विश्लेषण गर्दा अविवाहित व्यक्तिहरूको संख्या बढी देखिन्छ । यस्तो हुनुमा भने जस्तो साथी नभेट्नु, तेस्रोलिङ्गी व्यक्तिकहरूलाई रोजगार दिन मान्छेहरूले संकोच मान्ने हुँदा उनीहरू आर्थिक रूपमा मजबुत हुन पाउदैनन् र विवाहलाई प्राथमिकता नदिएको पनि हुन सक्छ ।

## ६.४ वैयक्तिक अध्ययन

अनुसन्धानकर्ताले प्रश्नावली भर्ने क्रममा तेस्रोलिङ्गी व्यक्तिहरूसँग भएका अन्तरङ्ग कुराकानीका आधारमा केही व्यक्तिहरूले व्यक्त गरेका विवाह तथा सन्तान प्रतिको धारणा, आफ्नो भोगाई तथा अनुभवहरू यहाँ प्रस्तुत गरिएको छ । व्यक्तिको गोपनीयताका सिद्धान्तलाई ध्यानमा राख्दै नाम, ठेगाना र स्थान समावेश गरिएको छैन ।

## वैयक्तिक अध्ययन १

मेरो नाम अन्जना राई (नाम परिवर्तन) हो । म एक विवाहित तेस्रोलिङ्गी व्यक्ति हो । मेरो घर पूर्व हो । म मध्यम परिवारबाट हुर्केकी, प्रकृतिबाट ठगिएको सन्तान हुँ । मेरो परिवारमा एक दिदि र एक भाई हुनुहुन्छ ।

म सानैदेखि घरबाट भागेर बसेको तेस्रोलिङ्गी व्यक्ति हुँ । कामको शिलशिलामा आज यही नौलो बिहानीमा आवद्ध भई काम गर्दै आएको छु । आज आफ्नो काममा व्यवस्था भएको कारणले कसले के गर्लान, के भन्लान भन्ने कुनै चिन्ता छैन । प्रकृतिले यस्तै दिए त के गर्नु भन्दै मुस्कानका साथ जवाफ दिनुभयो । म अहिले केटीको भेषमा हिड्छु । मलाई आफ्नो कामसँग मतलब छ अरुको मलाई मतलब छैन । साथीहरूले बसमा फोन आउँदा पनि कसैले आफ्नो आवाज सुन्छ भनेर फोन पनि उठाउदैन म चाँहि त्यस्तो केही गर्दिन । म त सबै साथिहरूलाई यही भन्छु हामी नराम्रो काम गर्नुहुँदैन । हामी खुलेर हिड्नुपर्छ । हामीले जति अपमान, दुर्व्यवहार सहन्छौं त्यति सहदै जानुपर्छ भन्ने सल्लाह दिन्छु ।

नौलो बिहानी संस्थामा काम गर्ने क्रममा मेरो एकजना पुरुषसँग बिहे भयो । बिहे भएको पनि आठ वर्ष भयो । हामी एक अर्कामा सन्तुष्ट छौं । म उसको घरमा बस्छु । हामी कहिलेकाँही चाडपर्वमा पूर्व मेरो माइती घर जान्छौं । एउटै मात्र चिन्ता लाग्छ कि हाम्रो पनि बच्चा भएको भए बुढेसकालको सहारा हुने थियो । राज्यले विवाहलाई कानुनी मान्यता दिएमा धर्मपुत्र/धर्मपुत्री जो भए पनि पाले सन्तानको रहर पुरा गर्ने चाहना छ ।

## वैयक्तिक अध्ययन २

मेरो नाम सपना कार्की (नाम परिवर्तन) हो । म एक समलिङ्गी महिला हो । मेरो घर पर्वत जिल्लाको विकट गाउँमा पर्छ । म एक सामान्य परिवारमा हुर्केकी हुँ । मेरो आमाबाबा खेतिपाती गर्नुहुन्छ । घरमा छाक टार्न गाह्रो हुँदाहुँदै पनि छोरी तिमि पढ भनेर स्कुल पठाउनु भयो । मेरो पढाई पनि राम्रो थियो । समय परिवर्तनसँगै म पनि ठूलो हुँदै गए । उमेरको परिवर्तनसँगै मेरो बोली पनि परवर्तन हुन पुग्यो । शारीरिक वृद्धि केटा मान्छेको जस्तो, बोली पनि केटा मान्छेको जस्तो हुन थाल्यो । विद्यालयमा सबैले केटा मान्छे जस्तो, केटा मान्छेको स्वर भएको भन्दै केटा मान्छेको नामले पुकार्न थाले । कसैले मेरो कुरा नसुन्ने, मसँग बस्न नखोज्ने मेरो बेइजत गर्न थाले ।

त्यसपछि म आफुले आफुलाई धिर्कान थाले किन म यस्तो भए किन मेरो मात्र बेइज तगर्न थाल्छ हे भगवान किन मलाई यस्तो जन्म दियौ भन्दै एक्लै कति रोए, कराए प्रकृतिले नै यस्तो बनाएपछि मेरो के दोष ? विद्यालयको साथीहरूको दुर्व्यवहारको कारण आफ्नो पढ्ने, ठूलो मान्छे बन्ने इच्छालाई मारेर मैले विद्यालय छोडे ।

पढेर ठूलो मान्छे बन्ने, आमाबुबालाई हेर्ने इच्छालाई मारेर मैले घरमै बाबाआमासँग बस्ने बाबाआमाको काममा सहयोग गर्न थाले। त्यत्तिकै समय बित्दै गयो । यसै क्रममा सानी आमा पोखराबाट आउनुभयो र मलाई प्रश्न गर्नुभयो किन स्कुल नगएको मैले सबै कुरा सानी आमालाई भने र सानी आमाले मलाई सँगै पोखरा लिएर आउनुभयो । म सानी आमाको घरमा बस्ने र सानी आमाको घरको काममा सहयोग गर्न थाले र त्यही बसे ।

एक दिन मेरो सानी आमाको घरमा छिमेकी दिदी आउनुभयो र मेरो बारेमा सोध्नुभयो । उहाँले सबै कुरा थाहा पाएपछि छिमेकी दिदिले मलाई नौलो बिहानी संस्थामा आवद्ध गराइदिनुभयो । त्यसदिन देखी मैले पनि यस संस्थामा आफु जस्तै अरु साथीहरू देखेको भेटेको छु । हामीहरू एकअर्काका दुःख सुःख साटासाट गर्छौं र छलफल गर्छौं । यस संस्थाका साथीहरूले पढ्नुपर्छ भनेर हौसला दिनुभएको छ । अब म फेरी पढ्न चाहान्छु । मेरो सपना पुरा गर्न चाहान्छु । विद्यालयको पाठ्यक्रममा समलिङ्गी तथा तेस्रोलिङ्गी व्यक्तिहरूको बारेमा जानकारिमूलक शिक्षा समेट्न नसक्दा तेस्रोलिङ्गी तथा समलिङ्गी व्यक्तिहरू प्रति हाम्रो सोच तथा धारणामा परिवर्तन आउन सकेको छैन ।

## वैयक्तिक अध्ययन ३

मेरो नाम उज्जल क्षेत्री (नाम परिवर्तन) हो । म एक समलिङ्गी पुरुष हुँ । मेरो घर बाग्लुङ हो । म अध्ययनको शिलशिलामा पोखरा बस्छु । म पृथ्वीनारायण क्याम्पस स्नातकको अध्ययन गर्दै छु । म क्षेत्री समाजको परिवार भएर होला मलाई पढ्नमा कसैले रोकतोक गर्नुभएन । म अहिले नौलो बिहानीमा आवद्ध भएको ३ वर्ष भयो ।

समय परिवर्तनसिल छ । समय परिवर्तन सँगै मेरो इच्छा र आवश्यकता पनि परिवर्तन हुँदै गए । मैले पनि जिवन साथीको खोजी गर्नुपर्ने हुन्छ । त्यसैले मैले यसै संस्था मार्फत एक जना मन मिल्ने साथीसँग विवाह पनि गरिसके यो कुरा घरपरिवारलाई थाहा छैन र भन्न पनि सकिन । हामी सँगै बस्न चाहन्छौँ तर कसैलाई भन्न सक्दैनौँ । परिवारको, समाजको इज्जत र प्रतिष्ठाको लागि मात्र भने पनि हामी खुलेर हिड्न सकिरहेको छैन । स्कुल पढ्दा होस् या क्याम्पस पढ्दा कुनै पनि केटी साथीसँग मेरो प्रेम भएन ।

घर परिवारले बिहे गर्नुपऱ्यो छोरा अब बिहे गर्नुपर्छ भनेर केटी पनि खोजेर राख्नुभएको छ तर म चाँहि बिहे गर्न सक्दिन म तेस्रोलिङ्गी हो भनेर परिवारलाई पनि भन्न सक्दिन र म केटीसँग बिहे पनि गर्न सक्दिन । मेरो तेस्रोलिङ्गी व्यक्तिसँग बिहे भएको कुरा खुलाउन पनि सक्दिन । म धर्म संकटमा छु । मेरो बिहे भएको कुरा खुलाउदा पनि घरकाले स्वीकार गर्नुहुँदैन । म मेरो श्रीमानसँग खुसी छु । हाम्रो सम्बन्धमा कानुनी मान्यता दिएमा हामी सात जन्मसम्म सँगै बस्ने बाचा गर्दछौँ ।

## वैयक्तिक अध्ययन ४

मेरो नाम सुनिता गुरुङ (नाम परिवर्तन) हो । म एक समलिङ्गी महिला हुँ । म सानो उमेरदेखी केटा स्वभावको व्यक्ति हुँ । मलाई घर परिवारमा सानो उमेरमा विवाह गरिदिनुभयो । विवाह गर्ने साचे नहुँदा नहुँदा पनि मेरो इच्छा विपरित विवाह गरिदिनुभयो । म श्रीमनको घर बस्न थाले । मलाई सासुले केटा जस्तो बुहारी भनेर विभिन्न लान्छना लगाउनुहुन्थ्यो । श्रीमानसँग पनि बेलाबेलामा झगडा भइरहन्थ्यो । विभिन्न खालको शारीरिक तथा मानसिक यातना दिन थाल्यो ।

एक दिनको कुरा हो घरमा विवाह भएपछि सन्तानको अपेक्षा पक्कै पनि हुन्छ । घरमा विवाह भएको पनि २ वर्ष भएसक्यो सन्तान चाहियो भन्दै दबाव आउन थाल्यो । मैले पनि म समलिङ्गी महिला हुँ भनेर जानकारी गराँए । त्यसपछि झन परिवारबाट हिंसा गर्न थाल्यो । यस्तो मान्छे अशुभ हुन्छ । धर्मकर्ममा चल्दैन, पापी हुन्छ जस्ता विभिन्न शारीरिक तथा मानसिक यातना दिन थाल्यो । त्यसपछि म श्रीमान छाडेर माइती घरमा आएर बस्न थाले । मेरो श्रीमानले मलाई हेर्नुहुन्न । म धेरै पिडामा छु । मेरो नागरिकता पनि छैन काम गरौ भने पनि के गर्नु कुनै सीप छैन । अबको जीवन कसरी कट्छ मलाई थाहा छैन ।

हाम्रो समाजमा सबै बुझ्ने भएको भए, कुरा सुनिदिने भए र राज्यले त्यस्ता व्यक्तिहरूको कानुनी व्यवस्था गरिदिएको भए म मेरो हक र अधिकारको लागि लड्ने थिए ।

## वैयक्तिक अध्ययन ५

मेरो नाम मनिस आचार्य (नाम परिवर्तन) हो । म एक तेस्रो व्यक्ति हो । मेरो घर स्याङ्जा हो । म ब्राह्मण समुदायको व्यक्ति हो । म पोखरामा पढ्ने र काम गर्ने गर्छु । म एक समलिङ्गी पुरुष हुँ । जब म युवाअवस्थामा प्रवेश गरे तब मात्र म समलिङ्गी पुरुष हुँ भन्ने थाहा भयो । म केटा हुँ तर मलाई केटा नै मन पर्छ । केटासँग मनको कुरा भन्न मन लाग्ने, केटासँग यौन सम्बन्ध राख्न मन लाग्ने हुन्छ । यो कुरा म परिवारमा भन्न सक्दिन ।

म एक विवाहित पुरुष हो । घरको करकाप र दबावका कारण मैले एक जना केटीसँग विवाह गरे । बिहे गरे पनि मलाई मेरो श्रीमतीसँग बस्न मन पर्दैन । मैले श्रीमतीलाई सबै कुरा भने तर पनि श्रीमती समाज र परिवारको डरले मेरो घर छोड्न मान्दैन । मैले उसलाई यौन सन्तुष्टि दिन पनि सक्दिन । अब हामी छुटिनुपर्छ भन्दा ऊ मान्दिन ।

काम गर्ने शिलशिलामा मेरो एक जना पुरुषसँग प्रेम सम्बन्धमा छु । हाम्रो प्रेम भएको एक वर्ष भयो । हामी बेलाबोलामा घुम्न जान्छौँ । हामीसँगै बस्छौँ । हाम्रो समाजमा केटाकेटा सँगै बस्दा त्यत्ति नकारात्मक दृष्टिले हेरेको छैन । म हेर्दा पुरा केटा हुँ । मेरो दारीजुगा पनि छ तर मेरो भावना, इच्छा, चाहना केटासँग हुन्छ । केटासँगै बस्न मन पर्छ । केटासँग मनको कुरा भन्न मन पर्छ ।

भविष्यमा गएर के हुन्छ थाहा छैन तर जीवन साथीको रूपमा केटी होइन मलाई केटा नै चाहिन्छ र पुरुष समलिङ्गी भनेर खुलेर हिड्न बस्न चाहन्छु ।

# अध्याय सात

# सारांश र निष्कर्ष

## ७.१ सारांश

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ८ स्थित "नौलो बिहानी पोखरा" फेवासिटी मार्ग, नागढुङ्गामा अवस्थित छ । जुन संस्थाको संरक्षणमा सार्वजनिक भएका ४१ जना तेस्रोलिङ्गी व्यक्तिहरूको विवाह तथा सन्तानप्रतिको धारणा अध्ययन गर्न खोजिएको हो । अध्ययनकर्ताले प्रस्तुत अध्ययनमा यी व्यक्तिहरूको विवाह सम्बन्धी धारणा, वैवाहिक दिर्घकालीनता, सन्तानको चाहना, समाजको दृष्टिकोण, सम्मानपूर्वक बाँच्न पाउने अधिकारका लागि भइरहेको संघर्ष आदि विविध पाटाबारे यो समुदायको अध्ययन अनुसन्धान गरिनु आवश्यक छ भन्ने उद्देश्यलाई मध्यनजर राखी यो अध्ययन गर्न खोजिएको हो ।

नौलो बिहानी पोखरा संस्थाको समन्वयमा सार्वजनिक भएका ४१ जना व्यक्तिहरूलाई यस अध्ययनको नमूनाको रूपमा छनोट गरिएको छ । ति मध्ये ४ दम्पत्ती रहेका छन् । तथ्याङ्क संकलनको दौरान अध्ययनकर्ताले प्रश्नावली, अर्न्तवार्ता, अवलोकन जस्ता विधि प्रयोग गरी मूर्तरूप दिइएको यो अध्ययन लैङ्गिक पहिचानको आधारमा तयार पारिएको हो ।

नेपाली समाज परिवर्तनको पर्खाइमा छ । समाजमा स्थापित भई आएका मान्यताहरू सहजै परिवर्तन हुँदैनन् । यो समस्या तेस्रोलिङ्गी समुदायमा झन् शाश्वत छ । नेपाली समाज पितृसत्तात्मक सोचबाट दिशानिर्देश रहि आएको छ । पितृसत्ताको परिभाषाले पुरुषलाई उत्कृष्ट मान्दछ । जसले गर्दा आर्थिक, राजनितिक, सामाजिक लगायत तमाम स्रोतहरूमा पुरुष वर्गको हालिमुहाली रहन पुग्यो । यसले गर्दा समाजमा भएका जति पनि सामाजिक संघसंस्था छन् त्यहाँ पितृसत्ता हावी हुन पुग्यो । यसरी संरचनागत रूपमै पुरुषलाई बढी शक्तिशाली बनायो र समाजले युगौंदेखि महिलामाथि भेदभावपूर्ण व्यवहार गर्दै गयो । यसमा तेस्रोलिङ्गी तथा समलिङ्गी झन् पिँधमा पुग्ने भए ।

२०६२/०६३ को जनआन्दोलन पछि तेस्रोलिङ्गी तथा समलिङ्गीहरू समाजमा बिस्तारै खुल्न थाले । देश संविधान सभाको निर्वाचन मार्फत संविधान बन्ने तरखरमा थियो । आफ्नो हक तथा अधिकारको लागि यो समुदाय पनि गोलबन्द हुन थाले । २०७२ मा संविधान सभाबाट संविधान बन्यो । यो संविधानको मूल मर्म भनेको विभेदको अन्त्य हो । संविधानले समानुपातिक, समावेशीताको सिद्धान्त बमोजिम समतामूलक समाजको परिकल्पना गरेको छ । तर पनि ऐन, कानुनह समयानुकूल संशोधन नहुँदा यो समुदायको संविधानको मर्मअनुरूप हक तथा अधिकारबाट बञ्चित हुनुपरेको छ । समाजले अझैपनि तेस्रोलिङ्गी तथा समलिङ्गी विवाहलाई स्वीकार गर्न सकिरहेको छैन । हाम्रो सामाजिक संरचना, साँस्कृतिक मूल्य र मान्यता, चेतना, शैक्षिक अवस्था जस्ता पक्षहरूले गर्दा यो समुदाय अझै पनि खुलेर बाहिर आउन सकिरहेको छैन । अझै पनि तेस्रोलिङ्गी व्यक्तिहरू आफ्नो पहिचानलाई परिवारको सामाजिक प्रतिष्ठा, इज्जत आदिको नाममा आफ्नो इच्छा र चाहनाहरूलाई गुम्साएर राख्नुपर्ने अवस्थामा रहेका छन् । राज्यको नितिहरू यि समुदाय मैत्री नबनिदिँदा विभिन्न अवसर, अधिकार, संविधान अनुसारको प्रतिनिधित्व आदिबाट हात धुनुपरेको छ ।

गण्डकी प्रदेशको राजधानी शहर पोखराबाट नौलो बिहानीको समन्वयमा हालसम्म ४१ जना तेस्रोलिङ्गी समुदायका व्यक्तिहरू सार्वजनिक भएको संस्थाकी अध्यक्ष बिन्ध्या गौतम बताउँछिन् । उहाँका अनुसार यी ४१ जना मध्ये चार व्यक्तिहरू सार्वजनिक रूपमा वैवाहिक जीवनमा रहेको बताउँछिन् । यी दम्पत्तिहरू आफू जस्तै लुकेर बसेका जोडीहरूको लागि प्रेरणाको स्रोत रहेको नौलो बिहानी पोखराको कार्यक्रम संयोजक रजनी थकाली बताउँछिन् ।

**अध्ययनको उपलब्धी**

१. जातिगत रूपमा अध्ययन गर्दा तेस्रोलिङ्गी व्यक्तिहरूमा १२ जना ब्राह्मण समुदायका देखिन्छन् भने क्षेत्रीको संख्या १३ जना रहेका छन् । त्यस्तैगरी दलितको सख्या ९ जना रहेको छ भने जनजातिको संख्या ७ जना रहेका छन् ।
२. अध्ययनमा संलग्न तेस्रोलिङ्गी व्यक्तिहरूको उमेरको अन्तरको अध्ययन गर्दा २०-२४ उमेर समूहका ९ जना, २५-२९ उमेर समूहका १८ जना, ३०-३४ उमेर समूहका ६ जना र ३५ देखि माथि उमेर समूहका ७ रहेको छन् ।

३. अध्ययनमा समावेश ४१ जना तेस्रोलिङ्गीहरूको शैक्षिक अवस्थाको अध्ययन गर्दा अन्डर एस.एल.सी. १३ जना, एस.एल.सी. १४ जना, प्रमाणपत्र तह १० जना र स्नातक तह ४ जनाले हासिल गरेका छन् ।
४. यी ४१ जना व्यक्तिहरू मध्ये हिन्दु धर्मालम्बीहरू २२ जना, बोद्ध धर्म मान्ने ८ जना, र इसाई धर्म मान्ने ११ जना रहेको छ भने इस्लाम धर्म मान्ने व्यक्तिहरूको संख्या गौण रहेको पाइयो ।
५. यी ४१ जना व्यक्तिहरू मध्ये ८ जनाले आफ्नै व्यवसाय गरी बसेका छन् भने १० जनाले जागिर गरेका छन् । त्यस्तैगरी १६ जना तेस्रोलिङ्गीहरू बेरोजगार रहेका छन् । अध्ययन अनुसार ७ जना तेस्रोलिङ्ग व्यक्तिहरू पार्टटाइम जस्तो काम गर्दछन् ।
६. अध्ययन अनुसार विवाहति शतप्रतिशत जोडीहरूले आफ्नो पार्टनबाट शारिरीक सन्तुष्टि प्राप्त गरेका छन् ।
७. अध्ययन अनुसार १७ जना (४१.४५ प्रतिशत) तेस्रोलिङ्गहरूले सन्तानको रहर पुरा गर्न धर्मपुत्र/पुत्री पाल्ने छनोटलाई अघि सारेका छन् । त्यसैगरी ९ जनाले अनाथहरूलाई पाल्ने इच्छा व्यक्त गरेका छन् । टेस्ट्युब प्रविधि अपनाएर ५ जनाले सन्तानको रहरलाई पुरा गर्ने सोच बनाएका छन् भने अध्ययनमा समावेश १० जना तेस्रोलिङ्गीहरूलाई सन्तानको रहर नभएको देखियो ।
८. अध्ययनमा समावेश अधिकांश तेस्रोलिङ्गी व्यक्तिहरूको अनुभवले वैवाहिक सम्बन्धको दिर्घकालीन भविष्यमाथि शंका व्यक्त गरेका छन् ।
९. अध्ययन अनुसार शतप्रतिशत जोडीहरूको अनुभवले समाज उनीहरूका लागि पहिले भन्दा परिवर्तन भएको देखायो ।

## ७.२ निष्कर्ष

नौलो बिहानी पोखरामा आवद्ध तेस्रोलिङ्गी व्यक्तिहरूको विवाह तथा सन्तानप्रतिको धारणा अध्ययन गर्ने क्रममा उनीहरूलाई परिवारले स्वीकार नगरिएको देखियो । विवाह सम्बन्धी धारणाबारे अध्ययन गर्दा तेस्रोलिङ्गी व्यक्तिहरू वैवाहिक सम्बन्धले सुखी, स्वास्थ्य तथा दिर्घायु जीवन जीउन मद्दत गर्ने विश्वास व्यक्त गर्दछन् ।

राज्यले यो समुदायको विवाहलाई कानुनी मान्यता प्रदान गरेमा यस्ता व्यक्तिहरू आफ्नो पार्टनप्रति अझ बढी जिम्मेवार हुने देखिन्छ । उनीहरूमा परिवार तथा समुदायले यो

सम्बन्धलाई स्वीकार्न झन् बढी दवाव पर्न जानेछ । यिनीहरूलाई कानुनी मान्यताबाट बञ्चिती गराउनुमा कुनै वैज्ञानिक आधार भेटिएन । समाज पहिले भन्दा बिस्तारै यो समुदायको हकमा उदार बन्दै गएको पाइएको छ । तर कतिपय समाजले अझै पनि सम्मानको दृष्टिले हेरेको पाइएन । त्यसकारण उनीहरू चाहेर पनि सार्वजनिक हुन सकिरहेका छैनन् । उनीहरू जीवनपछि पनि समाजसँग डराइरहेको भान हुन्छ ।

राज्यले यस्ता विवाहलाई कानुनी मान्यता दिएर हाम्रो विवाह नामक सामाजिक संस्था कमजोर नभई झन् बलियो हुँदै जाने देखिन्छ । विवाहले समाज निर्माणको एउटा आधार बनेको सुनिश्चित गर्दछ । यसले गर्दा दबिएर, गुम्सिएर बसेका यस्ता व्यक्तिहरूलाई सामाजिक मान्यता र समावेशीताको भावना प्रदान गर्दछ । उनीहरू राज्यबाट सुरक्षित पहशुस गर्न पाउनेछन् ।

तेस्रोलिङ्गी व्यक्तिहरू योग्यता र क्षमता हुँदाहुँदै पनि लिङ्गकै कारण रोजगारीबाट विमुख हुन परिरहेको छ । त्यस्तै गरी उनीहरूलाई तेस्रोलिङ्गी भएकै आधारमा कोठा बहालमा पाउन पनि एकदमै गाह्रो रहेको देखिन्छ । शिक्षा, जनचेतना, पर्यटन तथा सामाजिक सञ्जालको बढ्दो प्रयोगका कारण यस समुदायलाई हेर्ने सवालमा समाज बिस्तारै उदार बन्दै गइरहेको छ । तर जति उदारता देखाउनुपर्ने थियो त्यति उदारता देखाएको आभाष हुँदैन । हाम्रो सामाजिक साँस्कृतिक मूल्य र मान्यता, परिवारको इज्जत, प्रतिष्ठा, समाजको पुरातन सोचका कारण कतिपय यो समुदायका व्यक्तिहरू अझैसम्म सार्वजनिक हुन हिच्कीच्याइरहेको देखिन्छ । यस समुदायका व्यक्ति हुनु लाजको विषय होइन, यो सामान्य जैविक प्रश्न हो भन्ने कुरा बुझ्न र बुझाउन राज्यका अतिरिक्त यस क्षेत्रमा काम गर्ने संघसंस्थाको विशेष दायित्व रहने देखिन्छ ।

सविधानको मर्म र भावना अनुरूप राज्यले यो समुदायको लागि ऐन, नियम नबनाइदिँदा राज्यबाट पाउनुपर्ने विभिन्न सुविधा, अवसरबाट बञ्चित हुनुपरेको देखियो । यस्ता व्यक्तिहरूको विवाहलाई राज्यले कानुनी मान्यता दिएमा उनीहरूबाट संरक्षित बालबच्चाको कानुनी अभिभावक बन्ने अवसर प्राप्त हुने देखिन्छ । अर्कोतर्फ सम्बन्ध विच्छेद भएको अवस्थामा वा श्रीमान श्रीमतीको मृत्यु भएको अवस्थामा संयुक्त सम्पत्तिमाथि हक दाबी गर्न सहज हुने देखिन्छ ।

पुरुष, महिला र अन्य समुदायका लिङ्गी सबै समान स्तरका मानव हुन्, मानव मात्रलाई प्राप्त अधिकारका सबैको समान हक छ, लिङ्गको आधारमा कसैलाई उपेक्षा वा भेदभाव गर्न नपाइने कुरा संविधानमा स्पष्ट छ । तर के कुरा निश्चित हो भने अन्य समुदायमा पर्ने मानवहरू अल्पसंख्यक छन् । त्यसैले यो समुदायका व्यक्तिहरूलाई सकारात्मक विभेद अर्थात राज्यद्वारा विशेष संरक्षण गरिनुपर्ने र विशेष सुविधा दिइनुपर्ने समुदाय हुन् ।

# सन्दर्भ सूची


अनलाइन मजदुर (२०७५), *नेपालको सन्दर्भमा विवाहको बदलिँदो स्वरूप र प्रेम विवाह*।

गुरुङ, ध्रुवदेवी (२०६७), *समलिङ्गी तथा तेस्रोलिङ्गीहरूले समाजलाई हेर्ने दृष्टिकोण* (अप्रकाशित शोधपत्र), समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

भट्टराई, विष्णुप्रसाद (२०७१), *विवाह र महिला हिंसा* (अप्रकाशित शोधपत्र) समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

राष्ट्रिय मानव अधिकार आयोग (२०७७), *यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मानव अधिकार सम्बन्धी अध्ययन प्रतिवेदन*।

शर्मा, जनकलाल (१९८२), *हाम्रो समाज एक अध्ययन,* साझा प्रकाशन ।

सुवेदी, मधुसुदन (२०५६), *हिन्दू विवाहको इतिहास,* प्रकाशन श्रीमती सानुमैया सुवेदी, बैकुण्ठ तथा दामोदर सुवेदी सानेपा, ललितपुर ।

Abbie, E. Goldberg (2016). *The sage encyclopedia of LGBT studies.* Sage Publications.

Annamarie, Jagose (2006). *Queer theory in translation.* Victoria University Press.

Bhasin, Kamala (1973). *Borders and boundaries.* Rutgers University Press.

Christian, B.T. (2016). *Querr.* Encyclopedia Britannica.

Constitution of Nepal (2015). *Parliament of Nepal.*

Dana, Peterson (2009). *Handbook of LGBT communities, crime and justice.* Sprinager Press.

Giddens, Anthony (2001). *The global third way debate.* Cambridge Press.

Human Rights Mainifaiesto, 1948

Jack, Prescher (2007). *British, lesbian, gay and bisexual psychologies*. Routledge Press.

Judith, Butler (1990). *Gender trouble.* Routledge and CRC Press.

Karene, E. Lovans (2006). *LGBT studies and queer theory.* Routledge.

Karl Marx (1867). *Das capital.* Verlag Von Otto Meigner.

Mary, Wallstone croft (1792). *A vindication of the rights of woman.* Penguin Books.

Robert, B. Maris Ridinger (1989). *The homo -sexual and society.* ABC, Incorporated Press.

Shery, Wolf (2009). *Sexuality and socialism, history, politics and theory of LGBT liberation.* Haymarket, Books.

Subedi, Madhusudan (1999). Privatization in Nepal? *Himalayan Journal.*

Tan, Young (1980). *The male homo-sexual in literature.* Catalyst Press.

Thomas, B. (1991). *The dictionary of Marxist thought.* Oxford University Press.

Timothy, M. Smith (2017). *Lesbian, gay, bisexual and transgender, healthcare.* Sprinager Press.

Timothy, Murphy (2012). *Lesbian and gay studies.* Taylor and Francis Press.

# अनुसूची १

## प्रश्नावलीहरू

**'तेस्रोलिङ्गी व्यक्तिहरुको विवाह तथा सन्तानप्रतिको धारणा'**

कृपया यी प्रश्नावलीहरु राम्रोसँग अध्ययन गरि सोधिएका प्रश्नहरुको यर्थाथ जवाफ दिएर सहयोग गरिदिनुहोला । यसमा समावेश जवाफहरु स्नातकोत्तर तहको शोध-ग्रन्थ तयारको लागि भएकोले सबै सुचनाहरु गोप्य रहनेछन् ।

१. नाम : ..............................

२. उमेर (पुरा भएको वर्ष) ..............................................

३. स्थायी ठेगाना :......................................

४. जात :...............................................

५. लिङ्ग (महिला/पुरुष)....................

६. धर्म:-

(क) हिन्दु (ख) बौद्ध (ग) मुस्लिम (घ)क्रिश्चियन

७. शैक्षिक स्तर

क) निरक्षर ख) साक्षर

यदि साक्षर भए शैक्षिक स्तर (पुरा गरेको)

(क) प्राथमिक (ख) माध्यमिक (ग) उच्च माध्यमिक (घ) स्नाताक वा सो भन्दा माथि

८. रोजगारीको अवस्था

क) मजदुर ख) जागिर (ग) व्यापार (घ) अन्य भए लेख्नुहोस्......

९. के तपाईले यसभन्दा अघि तेस्रोलिङ्गी/समलिङ्गी विवाहबारे केही सुन्नु भएको थियो ?

(क) सुनेको थिए (ख) सुनेको थिइन (ग) थाहा छैन

१०. वैवाहिक स्थिती

क) विवाहित ख) अविवाहित

१०.१ यदि विवाहित भए, तपाईहरुले पार्टनरबाट यौन सन्तुष्टि प्राप्त गर्नुभएको छ त ?

(क) गरेका छौ (ख) गरेका छौनौ (ग) भन्न चाहन्न

१०.२ तपाईहरुलाई विवाह के हो जस्तो लाग्छ ?

(क) बन्धन (ख) सहयात्रा (ग) अटुट सम्वन्ध (घ) झन्झट

११. तपाई अहिले को सँग बस्नुहुन्छ ?

क) आमाबाबु (ख) दिदीवहिनी/दाजुभाई (ग)साथी घ) एक्लै

१२. म यस्तो लिङ्गको मान्छे हो भनेर कतिबेला थाहा पाउन भयो ?

(क) बाल्यकालमा (ख) किशोर अवस्थामा (ग) युवाअवस्थामा

१३. यहाँको परिवारको कस्तो प्रतिक्रिया रह्यो तपाई यो समुदायको हो भनेर ?

(क) सकारात्मक प्रतिक्रिया (ख) स्वीकार गरिएन
(ग) घरबाट निकालियो (घ) थाहा छैन

१४. तपाईहरुलाई कानुनी रुपमा विवाह गर्न अनुमति त छैन । भविष्यमा कुनै चर्च, मन्दिरमा गएर विवाह गर्ने सोच बनाउनु भएको छ ?

(क) बनाएको छु (ख) बनाएको छैन (ग) भन्न चाहन्न

१५. समलिङ्गी/तेस्रोलिङ्गी विवाहको सम्बन्धमा नेपालमा कस्तो खालको परिवर्तन भयो भने यस्ता व्यक्तिहरु निर्धक्कसंग बाच्न पाउँछन् ?

(क) राज्यले कानुनी मान्यता दिएमा (ख) कानुनको कार्यान्वयन भएमा

(ग) यौन दुर्व्यवहार सम्बन्धी कानुन आएमा (घ) राज्यले रोजगारीको दिएमा

१६. लैङ्गिक रुपमा तपाई कसरी आफूलाई चिनाउनुहुन्छ ?

(क) तेस्रो लिङ्गी (ख) समलिङ्गी (ग) उभयलिङ्गी (घ) इन्टरसेक्सुअल

१७. यदी कसैले तपाईलाई तेस्रोलिङ्गी भएकै कारण विभेद गरेमा कहाँ उजुर गर्नुहुन्छ'?

(क) परिवार (ख) साथी (ग) प्रहरी प्रशासन (४)अन्य भए लेख्नुहोस्.....

१८. अन्य साधारण व्यक्तिहरुले गर्ने संघर्ष र तपाईहरुले गर्ने संषर्घमा के फरक छ ?

(क) धेरै फरक छ (ख) उस्तै हो (ग) खासै छैन (घ) भन्न सक्दिन

१९. मायाको विषय र परिवारको विषयमा कत्तिको सहज छ तपाईहरुलाई ?

(क) सहज छ (ख) सहज छैन (ग) भन्न सक्दिन

२०. भविष्यमा गएर आफ्नो पार्टनर कस्तो भइदिए हुन्थ्यो जस्तो लाग्छ ?

(क) धेरै माया गर्ने (ख) आफूलाई बुझ्ने (ग) मिलनसार (घ) अन्य.........

२१. तेस्रोलिङ्गी व्यक्तिहरुको वैवाहिक सम्बन्ध दिर्घकाल सम्म जान्छ होला ?

(क) जान्छ (ख) जादैन (ग) भन्न सकिदैन

२२. जैविकीय रुपमा तेस्रोलिङ्गी विवाहबाट सन्तान उत्पादनको कल्पना त गर्न सकिदैन, सन्तानको रहरलाई भविष्यमा कसरी पुरा गर्नुहुन्छ ?

(क) धर्मपुत्र/पुत्री पालेर (ख) अनाथहरुलाई पालेर

(ग) टेस्ट्युब प्रविधी मार्फत (घ) सेरागेसी मार्फत

(ङ) सन्तानको रहर छैन

२३. तपाईलाई आफ्नो परिवारले पारिवारीक भेटघाटमा निमन्त्रणा गर्नुभएको छ ?

(क) गर्नुहुन्छ (ख) कहिलेकाँही मात्र (ग) गर्नु हुदैन (घ) भन्न चाहन्न

२४. तपाईहरु तेस्रोलिङ्गीको रुपमा सार्वजनिक भएपछी समाजबाट कस्तो व्यवहार पाउनु भएको छ ?

(क) अन्य व्यक्ति सरह (ख) वेवास्ता गरेको छ

(ग) घृणा गरेको छ (घ) भन्न चाहन्न

२५. नेपालमा तेस्रोलिङ्गी/समलिङ्गी विवाहलाई कानुनी मान्यता नभएको अवस्थामा राज्यले यो समुदायलाई के गरोस् भन्ने चाहनुहुन्छ ?

(क) कानुनी मान्यता देओस् (ख) आरक्षण देओस्

(ग) रोजगारी प्रदान गरोस (घ) थाहा छैन

२५.१ अन्य साधारण नागरिक सरह हक, अधिकार प्राप्त गर्नको लागि तीनै तहको सरकार, संघसंस्था तथा नागरिक समाजलाई कस्तो सल्लाह दिन चाहनुहुन्छ ? लेख्नुहोस् ।

.......................................................................................................................

.......................................................................................................................

**सहयोगको लागि धन्यवाद ।**

# अनुसूची २



शोधकर्ता समलिङ्गी तथा तेस्रोलिङ्गी जोडीहरुसँग अर्न्तवार्ता लिदे



शोधकर्ता समलिङ्गी तथा तेस्रोलिङ्गी जोडीहरुसँग अर्न्तवार्ता लिदै



शोधकर्ता अर्न्तवार्ता पश्चात सामुहिक फोटो खिचाउँदै



शोधकर्ता समलिङ्गी तथा तेस्रोलिङ्गी जोडीहरुसँग अर्न्तवार्ता